वर्ष : १७, अंक : ३३, काठमाडौं, २०७८ मंसिर १७ गते शुक्रबार, 3 December 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

# मधेशको नजरबाट एमालेको महाधिवेशन

## एमालेले मधेशसँग बेइमानी नगरेको भन्ने सन्देश १०औं महाधिवेशनले प्रवाह गर्न सक्यो त ?

मधेशवाणी डेस्क

काठमाडौं । केपी ओलीलाई पुनः नयाँ अध्यक्षमा चयन गरेर एमालेको १० औं महाधिवेशन चितवनको सौराहामा सम्पन्न भएको छ । मधेशको सन्दर्भमा यो महाधिवेशन कति उपलब्धिपूर्ण रह्यो त्यसको खासै विश्लेषण गरिएको छैन । ओली पहिलो पटक प्रधानमन्त्री भएका बेला उनलाई र एमालेलाई 'मधेशविरोधी' नेताका रूपमा लिइन्थ्यो तर १० औं महाधिवेशनसम्म आइपुग्दा एमाले 'मधेशविरोधी' होइन 'मधेशमैत्री' हो भन्ने सन्देश जान थालेको छ ।

१० औं महाधिवेशनमा एमालले मधेशलाई राम्रो स्पेस दिएर आफ्नो छवि सुधारेको छ ।

एमालेका मधेशी नेताहरूकाअनुसार महाधिवेशनबाट एमालेले मधेशलाई हेर्ने दृष्टिमा परिवर्तन ल्याएको छ भने जजसले हिजो एमालेलाई 'मधेशविरोधी' भन्थे उनीहरूले पनि राम्रै जबाब पाएका छन् । पार्टीले मधेशसँग बेइमानी नगरेको भन्ने सन्देश १०औं महाधिवेशनले प्रवाह गरेको पनि नेताहरूको भनाइ छ ।

मधेशमा रहेका नेताहरूले पनि आकांक्षा राख्नेमात्र नभई त्यसअनुसार मेहनत गर्नुपर्ने उनको भनाइ छ । 'आफूले क्षमता बनाउनुपर्छ, विधान अध्ययन गर्नुपर्छ, पदमा जानका लागि पहल किनभने एमालेमा पहिलो पटक मधेशीलाई पदाधिकारी बनाइएको छ । यसले मधेशप्रति यसपटक एमालेले न्याय गरेको र केन्द्रीय समितिमा रहेकालाई पछि कार्यविभाजन गर्दा उचित स्थान दिने विश्वास मधेशी नेताहरूको छ ।

पार्टीमा अहिले मधेशीलाई जति स्थान दिइएको छ, पछि यो दायरा अझै फराकिलो बनाइने उनीहरूको विश्वास छ ।

यो महाधिवेशनमा एउटा रोचक कुरा के रह्यो भने अन्य पदमा प्रतिस्पर्धा भए पनि मधेशतर्फ कुनै प्रतिस्पर्धा भएन । मधेशी कोटा, प्रदेश २ (भूगोल), महिलालगायत सबैमा सर्वसम्मति नै भयो ।

पार्टी मधेशप्रति मात्र होइन, देशप्रति नै उदार रहेको र महाधिवेशनपछि पार्टी अझ सशक्त भएर अगाडि आउने मधेशबाट निर्वाचित प्रतिनिधिहरूले विश्वास व्यक्त गरे ।

एमाले विभाजन भएर नेकपा (एकीकृत समाजवादी) बनेको छ । तुलनात्मक रूपमा मधेशमा एमालेभन्दा नेकपा (एकीकृत समाजवादी) पार्टी बलियो देखिएको छ । एमालेमा रहेका मधेशका वरिष्ठ नेताहरू सबै नेकपा (एकीकृत समाजवादी) पार्टीमा लागेका छन् । त्यसैले पनि मधेशमा एमालेलाई बलियो बनाउन अध्यक्ष ओलीले पार्टीमा मधेशी नेतालाई स्थान दिएको विश्लेषण गरिन्छ ।

मधेशमा ओली विरोधी मानसिकता अहिले पनि छ । त्यसलाई मिलाउन पनि पार्टीमा मधेशी नेताहरूलाई पदाधिकारीमा स्थान दिएको बताइन्छ । मधेशमा एमालेको घुमिल छवि मेटाउन मधेशलाई पनि पार्टीमा स्थान दिनुपर्छ भने कुरा ओलीले महसुस गरेका हुन ।



### पदाधिकारीमा समावेशिताको अवस्था

| क्र.सं. | पद | मधेशी | गैरमधेशी | जम्मा |
|---|---|---|---|---|
| १. | अध्यक्ष | ० | १ | १ |
| २. | वरिष्ठ उपाध्यक्ष | ० | १ | १ |
| ३. | उपाध्यक्ष | ० | ६ | ६ |
| ४. | महासचिव | ० | १ | १ |
| ५. | उपमहासचिव | ० | ३ | ३ |
| ६. | सचिव | १ | ६ | ७ |

एमाले 'मधेशविरोधी' कि 'मधेशमैत्री'

सिद्धान्त, नीति, व्यवहार, परम्परा हेर्दा एमाले न हिजो 'मधेशविरोधी' थियो, न आज छ ।

२०३२ सालमा अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी कोअर्डिनेसन केन्द्र (कोके) को स्थापना मोरङमा भएको थियो भने त्यसको तेस्रो सम्मेलन (२०३५ साउन) धनुषामा भएको थियो । नेकपा (माले) को विधिवत् स्थापना मोरङको इटहरा (२०३५ पुस) मा भएको थियो । महासचिवमा मदन भण्डारीलाई निर्वाचित गरेर नेपालको कम्युनिष्ट आन्दोलनमा 'टर्निङ प्वाइन्ट' ल्याउने चौथो महाधिवेशन (२०४६ भदौ) सिरहाको विष्णुपुरकट्टीमा भएको हो ।

बहुदलीय व्यवस्था स्थापनापछि पनि एमालेले मधेशलाई केन्द्रमा राख्यो । २०५२ सालमा धनुषामा भएको राष्ट्रिय परिषद्को दोस्रो बैठक, २०५४ मा नेपालगन्जमा भएको छैटौं महाधिवेशन, २०५९ मा जनकपुरमा भएको सातौं महाधिवेशन र २०६५ सालमा बुटवलमा भएको आठौं महाधिवेशन एमालेको सुविचारित मधेश सम्बन्धका परिणाम थिए ।

माधवकुमार नेपाल, ईश्वर पोखरेललगायतका नेताहरूले पञ्चायतकालमा मधेशलाई कार्यक्षेत्र बनाएका थिए । लामो समयसम्म पार्टीको हेडक्वाटर धनुषामा रह्यो ।

मधेशका कार्यकर्ताहरूलाई अगाडि बढाउन एमालेले स-साना समूहमा रहेका सीतानन्दन

बाँकी अन्तिम पृष्ठमा



एमाले र ओलीप्रति मधेशका जनताले ठूलो आशा गरेका छन्
: रघुवीर महासेठ
सचिव, नेकपा (एमाले)

अन्तर्वार्ता पृष्ठ ३ मा

# प्रदेश २ सरकारको वेबसाइट बेहाल

जनकपुरधाम । प्रदेश २ सरकारले विभिन्न मन्त्रालयहरूको वेबसाइट सञ्चालनको नाममा वर्षेनी लाखौ रूपैयाँ खर्चिदै आइरहे पनि बेहाल अवस्थामा छ । अधिकांश मन्त्रालयको वेबसाइट नियमति अपडेट भएको देखिदैन ।

प्रदेश २ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको वेबसाइटसमेत नियमित अपटेड छैन । कतिपय निर्णयबारे तीब्र आलोचना हुन थालेपछि सरकारले मन्त्रिपरिषद्का निर्णयहरू वेबसाइटमा राख्न छाडेको बताइन्छ । मन्त्रिपरिषद्को निर्णय वेबसाइटमा नराखिएको करिब एक वर्ष भइसक्यो ।

प्रदेश २ को आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयको समेत वेबसाइट अपटेड नभएको तीन महिना भइसकेको छ । भौतिक पूर्वाधार विकास, खानेपानी उर्जा विकास, सामाजिक विकास, अर्थ मन्त्रालयलगायत अधिकांश मन्त्रालयहरूको वेबसाइट अपडेट हुन नै छाडेको छ । प्रदेश प्रमुखको कार्यालयको वेबसाइट पनि अपडेटविहीन छ ।

यस अवधिमा कतिपय नियमावली संशोधन भएको छ । तर सम्बन्धित वेबसाइटमा राखिएको छैन । प्रदेशसभाको वेबसाइट नियमित अपटेड भएको देखिएपनि त्यसमा पनि केही विधेयकहरू मात्रै उपलब्ध छ ।

आर्थिक वर्ष ०७८/०७९ मा सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालनमा २ लाख रूपैयाँ, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले ९ लाख ६० हजार रूपैयाँ, अर्थ मन्त्रालयले ३ लाख ६० हजार रूपैयाँ, उद्योग, पर्यटन तथा वन वातावरण मन्त्रालयले ४ लाख ८० हजार रूपैयाँ, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले ३ लाख ६० हजार रूपैयाँ वेबसाइटका लागि छुट्याएका छन् । त्यस्तै, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले ५ लाख रूपैयाँ, भौतिक पूर्वाधार विकास मन्त्रालयले ३ लाख ६० हजार रूपैयाँ, महिला बालबालिका युवा तथा खेलकुद मन्त्रालयले २ लाख ४० हजार रूपैयाँ, सामाजिक विकास मन्त्रालयले २ लाख ८८ हजार रूपैयाँ वेबसाइटमा लाग्ने खर्च छुट्याइएको छ ।

त्यस्तै प्रदेश २ का स्थानीय तहहरूले पनि वेबसाइट निर्माण गरेपनि अपडेट गरेका छैनन् । वेबसाइटमा स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूको विवरणसम्म राखिएको छ । स्थानीय तहले आफ्नो बजेट र खर्च लगायतका केही विवरण राखेका छैनन् । वेभपेजमा वडागत प्रोफाइल विवरण, सामाजिक सुरक्षा, मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदनलगायतका विवरण समावेश गर्ने भनिए पनि सोको पूर्ण विवरण भने छैन ।

# रेल सञ्चालनका लागि प्रदेश सरकारलाई ज्ञापन

जनकपुरधाम । सीताराम विवाह पञ्चमी महोत्सव अगावै रेल सेवा सञ्चालनको माग गर्दै लोकतान्त्रिक समाजवादी पार्टी नेपालले प्रदेश २ सरकारलाई ज्ञापनपत्र बुझाएको छ । मंगलबार लोसपा नेपालले जनकपुरधाम-जयनगर रेल्वे सेवा तत्काल सञ्चालन गर्नुपर्ने मागसहित प्रदेश २ का प्रदेश प्रमुख हरिशंकर मिश्र र मुख्यमन्त्री लालबाबु राउतलाई ज्ञापनपत्र बुझाएको हो । ज्ञापनपत्रमा भनिएको छ, 'जनकपुर रेल्वेले यस धार्मिक आयोजनामा आस्थावान भक्तजन तीर्थालुहरूको यात्रामा अहम् भूमिका निर्वाह गर्दै आएको थियो र आगामी दिनमा समेत महत्वपूर्ण योगदान दिने निश्चित छ । तर, यसको सञ्चालन षडयन्त्रको सिकार भएको छ । सबै कुरो तयारी अवस्थामा रहे पनि राज्यको बक्रदृष्टिका कारण सञ्चालन भइरहेको छैन, जसले गर्दा जनकपुर क्षेत्रको समग्र विकाससमेत प्रभावित भइरहेको छ ।'

जनकपुरधाम रेल्वे सञ्चालन भएमा सो क्षेत्र व्यापारिक केन्द्र बन्ने, रोजगारका ठूला अवसरहरू खुल्ने, पर्यटकको विकास हुने, उद्योगधन्दा खुल्न थाल्ने, जनकपुरधाम यातायातको केन्द्र बन्नेजस्ता कुरासमेत निश्चित हुँदाहुँदै पनि यसमा जानाजान अटेर भइरहेको लोसपाको भनाइ छ ।

प्रदेश प्रमुख मिश्रले रेल्वे सेवा सञ्चालनका लागि आफूले प्रधानमन्त्रीको ध्यानाकर्षण गराउने आश्वासन दिएको लोसपाका नेताहरूको भनाइ छ । मुख्यमन्त्री राउतले रेल सञ्चालनको पक्षमा आफूसमेत रहेको बताएका छन् ।

संघीय सरकारले षडयन्त्रपूर्वक रेल सञ्चालन गर्न नचाहेको भन्दै लोसपा नेपालले विवाह पञ्चमी अघि रेल सञ्चालन नभए सशक्त आन्दोलनमा जाने चेतावनी दिएको छ ।

मंसिर ८ गते लोसपाका नेता कार्यकर्ताले जनकपुरमा रेल सञ्चालनको मागसहित प्रदर्शन समेत गरेका थिए । उनीहरूले धनुषाका प्रमुख जिल्ला अधिकारी, रेल्वे बोर्डलाई समेत ज्ञापनपत्र बुझाइसकेका छन् । लोसपाका कार्यकारिणी सदस्य वृषेशचन्द्र लालले जनकपुरको समग्र विकासलाई प्रभावित पार्ने उद्देश्यले रेल सञ्चालन गर्न सरकारले नै नचाहेको आरोप लगाए । पार्टी विभाजन गर्नका लागि अध्यादेश ल्याउन मिल्ने तर रेल सञ्चालनका लागि अध्यादेश ल्याउन किन नमिल्ने भन्ने उनको प्रश्न छ ।

# विवाहपञ्चमीसम्म पनि नउठ्ने भयो रेलको घुम्टो

महोत्तरी । विवाहपञ्चमी नजिकिनासाथ भङ्गाहा नगरपालिका-४ पलार बस्तीकी सियानकीदेवी बाँतरलाई रेल चढेर जनकपुर जाने रहर जाग्छ । पछिल्ला दुई दशकयता आफ्नो ठाउँको रेल सेवा चल्न छाडेपछि उहाँको यो रहर पूरा हुन सकेको छैन । पछिल्ला तीन वर्षयता चाँडै रेल चल्ने कुरा सुन्नुभएका उनी सुनेको साँचो नहुँदा आफ्नो रेल चढेर विवाहपञ्चमी उत्सव हेर्न जाने रहर अधुरै रहेको बताउँछन् ।

चाँडै रेल चले एकपटक अझै चढेर रामजानकी विवाह महोत्सव हेर्ने रहर सो बस्तीका ७५ वर्षीय अगुवा चौठी सर्दार बाँतर चौठीको छ । महोत्तरीसहित आसपासका जिल्लामा जनकपुरमा आयोजना हुने विवाहपञ्चमी उत्सव खास सांस्कृतिक पर्वका रूपमा मानिँदै आइएको छ । यस सांस्कृतिक उत्सवमा सहभागी हुन केही दिन पहिले नै घरको कामको चाँजो मिलाउने प्राचीन मिथिलाको चलन छ ।

२०५२ सालमा सशस्त्र जनयुद्ध प्रारम्भ भएपछि मेला जाने भीड पातलिँदै गएर २०५८ मा जनकपुरबाट पश्चिम चल्ने रेल चल्न छाडेपछि भने विवाहपञ्चमीको 'क्रेज' घट्दै गएको छ । अबको पछिल्लो पुस्ताले पुराना सांस्कृतिक उत्सवबारे चासो कम गरेपछि यहाँ विवाहपञ्चमी चर्चा पनि निकै पातलिएको बलवा नगरपालिका-१० धमौराका झाका अन्य समवयको ठम्याइ छ ।

धनुषा, जनकपुरधाम उपमहानगरपालिकाबाट पश्चिम लागेपछि शुरू हुने महोत्तरी जिल्लाका हालका लोहारपट्टी, बलवा, भङ्गाहा र औरही नगरपालिका क्षेत्रका बस्तीमा दुई दशकअघि जनकपुरबाट पश्चिम बिजलपुरा स्टेसन (अन्तिम रेल स्टेशनलाई बिजलपुरा भनिन्थ्यो) सम्म चल्ने रेल नै एक मात्र यातायातको साधन थियो । अरू बेला दिनको एकपटक चल्ने सो रेल विवाहपञ्चमी मेलाका बेला चारपाँच दिनसम्म भने तीनपटक आउने-जाने र खचाखच मान्छे भरिने दृश्य अझै स्थानीयको आँखामा नाचिरहेको छ ।

भारतको जयनगरदेखि धनुषा, जनकपुरको कुर्थासम्म 'रेल लिक' तयार भएर २०७४ विवाहपञ्चमीमै रेलसेवा शुरू हुने चर्चा निकै बाक्लो चलेको थियो ।

२०७४ को अन्त्यतिर जयनगरबाट कुर्थासम्मको ३४ किलोमिटरमा निर्माण सम्पन्न भएको रेल मार्ग अहिले विस्तार भएर महोत्तरीको बिजलपुरासम्म तयार भएको छ । अहिले बिजलपुरा स्टेसनदेखि जयनगरसम्मको ५१ किमी दूरीमा लिक तयार भएर सेवा सञ्चालन गर्न सकिने भए पनि विभिन्न अड्चनले अझै रेल चल्ने अनिश्चित नै छ । जयनगरदेखि बिजलपुरासम्मको मार्ग तयारीसँगै भारतबाट किनेर ल्याइएको इञ्जिन र यात्रु बस्ने डब्बा दुई वर्षदेखि धनुषाको इनरवा स्टेसनमा थन्केर रहेकामा रेल सञ्चालन गर्नेतर्फ प्रदेश र केन्द्र सरकारको तदारूकता नपुगेको देखिन्छ ।

जयनगरबाट जनकपुर हुँदै बर्दिबाससम्मको ६९ किमी दूरीमध्ये जयनगरदेखि कुर्थासम्म पहिलो खण्डमा लिक निर्माण भई २०७५ सालको

बाँकी अन्तिम पृष्ठमा

समय सन्दर्भ

वृषेश चन्द्र लाल

# रेल्वे अध्यादेश र रेलको संचालन

सरकारले रेल्वे अध्यादेश जारी गरेकोछ । रेल संचालनको निमित्त यो एउटा कदम हो । हामी यसको स्वागत गर्दछौं । रेल गुडिरहेको देख्न चाहने सबैलाई खुशी लागेकै हुनु पर्छ । खास गरी रेल संचालनको निमित्त मांग गर्ने जनकपुरका आन्दोलनकारी नेताहरूको निमित्त यो उत्साहवर्द्धक निश्चय पनि हो ।

तर, अध्यादेश जारी भयो भन्नुको अर्थ रेल संचालन भइहाल्यो भन्ने होइन । यस भन्दा पहिले कर्मचारी भर्ना गर्न भनेर सूचना निकालिएको थियो । हजारौं युवाहरूले सकी नसकी खर्चको जोहो गरेर प्रतिस्पर्धी बन्न दर्खास्त हाले । अर्को प्रबन्धक आए र सूचना निकालेर पहिलेको सूचना रद्द गरि दिए । लहडमा । रेल्वे भन्ने संस्थाले सूचना कसरी कुन आधारमा निकालेको थियो ? खास कारणले स्थगित हुन सक्छ तर रद्द नै किन हुने ? नियम-विनियम छैन भनेर भयो अरे ! अनि कुन कानून अन्तर्गत सूचना निस्क्यो ? गैरकानूनी काम थियो भने कारबाही किन भएन ? फेरि नियम-विनियम कसले बनाउने ? कसले अनुमोदन गर्ने ? व्यवस्थापन गर्ने काम व्यवस्थापक र सो को जिम्मेवारी लिनेको हो नि ! व्यवस्थापन गर्न नजान्ने आफ्नो अनुकूल गर्न-बनाउन पदपूर्तिको सूचना रद्द गर्ने कुन योग्यताको प्रदर्शन हो ?!

अब अध्यादेश जारी भएको छ । व्यवस्थापन गर्न भनेर तलब-भत्ता खानेहरू नियम-विनियमको मसौदा तयार पारिसकेको हुनु पर्छ । बस पास गरेर मन्त्रालयमा अनुमोदनको निमित्त पठाउनु पर्ने बांकी होला । त्यसपछि छिटो-छरितो निष्पक्षतापूर्वक पारदर्शी तरीकाले कर्मचारी भर्ना गर्नु पर्ने कुरा अनि रेल सञ्चालन । हेरौं कति समय लाग्छ ?!

यहाँ भन्न खोजिएको के भने अध्यादेश मात्र जारी भएर रेल संचालित हुँदैन । संचालित नहुन्जेलसम्म कसैलाई श्रेय दिनु मूर्खता नै हुनेछ । नियम-विनियम, कर्मचारी भर्ना, तालिमको बहानामा अझै वर्षौं लगाउने षडयन्त्र हुन सक्छ । दबाब आयो । अध्यादेश जारी भयो । दबाब बन्द भयो 'तलब-भत्ता हजम-काम चाहिं खत्तम' को काण्ड दोहरिन सक्छ । घाटा जनकपुर र यस क्षेत्रलाई हुने हो । तलब-भत्ता मात्र खानेलाई केही घाटा हुँदैन । यहाँको व्यापार र व्यवसायलाई हुने हो । पर्यटनमा हो । रोजगारको अवसरमा हो । देरी भयो भने त्यसको क्षतिपूर्ति कसले गर्छ ? त्यसकारण दबाब जरूरी छ । र, दबाब जरूरी छ ।

रेल र रेणूजी !

धनुषा जिल्लाका लोसपाका नेताहरू र जनकपुर क्षेत्रका आन्दोलनकारीहरू रेलको सञ्चालनको विषयलाई लिएर आन्दोलित भइरहेका छन् । मंसीर ८ गते प्रदर्शन गर्दै सयौं युवा महिला आन्दोलनकारी साथीहरू विवाहपञ्चमी अघि नै रेल सञ्चालन गर्न जिल्लाका प्रमुख प्रशासनिक अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापन दिए । लगत्तै खजुरीमा ९ गते लोसपाका नेताहरूले प्रदर्शन गरे । हिजो मंसीर १४ गते धनुषा जिल्लाका लोसपाका नेताहरू प्रदेश २ का मुख्यमन्त्रीजी र प्रदेश प्रमुखज्यूलाई भेटी रेल सञ्चालन गरउन सहयोग र समर्थनको मांग गरे । लोसपाका नेताहरूको नेतृत्वमा १४ गते नै महिनाथपुरमा पनि प्रदर्शन भयो भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणु यादव पनि जनकपुरमै हुनुहुन्थ्यो । वहाँलाई भेट्न धनुषा जिल्लाका लोसपाका नेताहरू दिनभरी प्रयास गरिरहे तर भैंट दिनु भएन । मेरो जानकारीमा अहिलेसम्म भैंट दिनु भएको छैन । किन दिनु भएन अन्दाज मात्रै गर्न सकिन्छ, कारण थाहा छैन ।

रेलको सञ्चालनले जनकपुर पर्यटन र नेपालको व्यापारको केन्द्र बन्ने छ । भारतका सबै स्थान औद्योगिक केन्द्र र बन्दरगाहहरूले विश्व-व्यापारसंग जोडिने छ । यस क्षेत्रमा हरेक किसिमको उद्योगको विकासले गति पाउनेछ । आयात-निर्यातको प्रमुख केन्द्र बन्न सक्नेछ । रेलको यात्राले पर्यटकहरूको आवतयावत सहज हुनेछ । रोजगारको अवसर खुल्नेछ । धर्म-संस्कृति, यातायात, ढुवानीसेवा, होटेल व्यवसाय सबैको क्षेत्रमा अभिवृद्धि हुनेछ । शहरको विस्तारले तिब्रता पाउनेछ । तर, यति हुँदाहुँदै यस क्षेत्रका व्यापारी, नागरिक, राजनीतिककर्मीहरू, औद्योगिक, होटेल व्यवसायीहरू पनि यसलाई गम्भीरतापूर्वक नलिनु दुखद मान्न सकिन्छ । आफैं किन गर्ने ? अरूले गरिदिओस् भन्ने हाम्रो पछौटेपनको मानसिकता यसको प्रमुख कारण होला । जनकपुर बाहिरकाहरू जनकपुर यी सबैको केन्द्र नबनोस्, हाम्रो आफ्नो ठाउँलाई लाभ हुँदैन भन्ने सोचमा होलान् । अहिले आयात-निर्यातका केन्द्र बनेका शहरका व्यवसायी वा राजनीतिककर्मीहरू सतही तौरमा त्यसरी सोच्छन् भने उनको हकमा ठीकै होला, तर जनकपुरका सन्तानहरू किन सोच्दैनन् ? सामर्थ्य विकसित हुन सकेन कि ? जे होस् अहिले जो नेताहरू यसका लागि सक्रिय छन् - साधुवादका असल पात्र हुन् ।

जनकपुरमा रेल राणाकालिन र भारतको अंग्रेज

बाँकी अन्तिम पृष्ठमा

## सम्पादकीय

# एमाले महाधिवेशन र राष्ट्रिय अपेक्षा

देशका प्रमुख राजनीतिक शक्तिहरू अहिले महाधिवेशन केन्द्रित भएका छन् । प्रमुख प्रतिपक्षी नेकपा एमालेले आफनो १०औं महाधिवेशन नयाँ नेतृत्व चयज गरी सफलतापूर्वक सम्पन्न गरेको छ भने राष्ट्रिय प्रजातन्त्र पार्टीले आफनो महाधिवेशन गरिरहेको छ । यस्तै सत्तारूढ नेपाली कांग्रेसको १४औं महाधिवेशन मंसिर २५ गतेबाट हुँदैन भने नेकपा माओवादी केन्द्रले पनि राष्ट्रिय सम्मेलन गर्दैछ ।

दलहरूले महाधिवेशन सम्पन्न गरेर आगामी गन्तव्यका निम्ति सक्रिय हुँदैछन् । खासमा राजनीतिक दलहरू आन्तरिक लोकतन्त्रको अभ्यासमा सक्रिय भएका छन् । प्रमुख दलहरूको अहिले महाधिवेशन गरेर आगामी संघीय संसद्, प्रदेश र स्थानीय निर्वाचनका निम्ति तत्पर भएको देखिन्छ । आन्तरिक तयारी गरिसकेपछि आगामी दिनका निम्ति उनीहरूले आफूलाई अग्रसर गराउन सक्नेछन् । प्रमुख दलको महाधिवेशन भन्नेबित्तिकै नेतृत्वमा बढ्ता जोड दिने गरेको देखिन्छ । महाधिवेशनमा दलले आगामी दिनमा लिने नीति मात्र होइन, मुलुकको अग्रगमन र आर्थिक प्रगतिका निम्ति चाल्ने कदमबारे कमैमात्र चर्चा हुन्छ ।

वास्तवमा दलहरूको महाधिवेशनको मुख्य केन्द्रमा मुलुकको लोकतान्त्रिक पद्धतिको उन्नयन र आगामी दिनमा गरिने समृद्धि यात्रा हुनुपर्छ । दलहरूले आगामी पाँच वा दश वर्षमा मुलुकमा कति लगानी गरिन्छ र विकासको गन्तव्य के हुन्छ भन्ने खाका महाधिवेशनमा दिन सक्नुपर्छ ।

यसरी महाधिवेशनबाट पारित नीतिकै आधारमा आगामी निर्वाचनका बेला घोषणापत्र बनाइ निर्वाचनमा विजयी भएपछि त्यसको कार्यान्वयनमा ध्यान पुग्न सक्नुपर्छ । यसपटकको महाधिवेशनमा विशेषगरी कांग्रेस र एमालेले यस्तो अभ्यास गरेर अरूलाई समेत बाटो देखाउन सक्नुपर्छ ।

> महाधिवेशन गरेर एमालेले आन्तरिक लोकतन्त्र सफल बनाएको छ । जनदबाबले दलीय संरचना समावेशी बनाइए पनि निर्णय प्रक्रियाको सर्वोच्च थलोमा वर्चस्वशाली जमातले नै स्थायित्व पाउँछ । यस्तोमा दलहरूले देखाउने समावेशी चेहरा फगत हुकुम तामेली गर्ने पात्रहरूको समूह नै रहन्छ ।

यहि सन्दर्भमा एमालेको सम्पन्न १०औं महाधिवेशनले राष्ट्रिय राजनीति तरंगित भएको छ । एमाले देशको एक प्रभावशाली शक्ति हो । संसारभरि कम्युनिस्ट पतन भइरहेको अवस्थामा नेपालमा त्यही शक्ति दर्बिलो प्रभावमा छ । तर पछिल्लो समय बढ्दो आन्तरिक मतभेदले यो शक्ति छिन्नभिन्न हुँदै आएको छ । पार्टी विभाजन र नेकपासँगको सम्बन्ध विच्छेद पछि एमालेको महाधिवेशनले उसको उचारचढाव राजनीतिलाई फेरि उजागर गरेको छ ।

एमाले र माओवादी केन्द्रबीच पार्टी एकता ठूलो उपलब्धि थियो । तर, विभाजन र फेरि विभाजनले एमालेको शक्ति क्षीण हुँदै गयो ।

महाधिवेशन गरेर एमालेले आन्तरिक लोकतन्त्र सफल बनाएको छ । जनदबाबले दलीय संरचना समावेशी बनाइए पनि निर्णय प्रक्रियाको सर्वोच्च थलोमा वर्चस्वशाली जमातले नै स्थायित्व पाउँछ । यस्तोमा दलहरूले देखाउने समावेशी चेहरा फगत हुकुम तामेली गर्ने पात्रहरूको समूह नै रहन्छ ।

समग्रमा, एमालेको महाधिवेशन लोकतान्त्रिक पथमा पार्टीको ऐतिहासिक विकासक्रमलाई माथि उठाएको छ । मदन भण्डारीको नेतृत्व र उनीद्वारा प्रस्तुत 'जनताको बहुदलीय जनवाद' को आलोकमा एमाले भरपर्दो लोकतान्त्रिक शक्तिमा बदलिएको छ । पार्टी नेतृत्वलाई बहुपदीय बनाएर त्यसको छनोट निर्वाचनबाट गराउने आन्तरिक लोकतन्त्रको पद्धति बनाइएको छ । यसबाट लोकतन्त्र दरिलो बन्दैछ ।

महाधिवेशनबाट एमालेले केन्द्रीय नेतृत्व चयन गरेको छ । यो प्रक्रियामा को-कति पारदर्शी र लोकतन्त्रवादी रहे भन्ने कुराको पनि अर्थ रहन्छ तर त्योभन्दा मुख्य पक्ष भनेको यसले फेरि एक पटक हरेक पार्टीका लाखौं कार्यकर्तालाई चलायमान बनाएको छ । उनीहरूलाई विभिन्न तहको नेतृत्वमा स्थापित गरेको छ । स्थानीय तहको निर्वाचनको तयारी हुँदै गर्दा भएका एमाले महाधिवेशनको गतिविधिले ती तहमा खारिएका उम्मेदवारहरू बनाउन पनि उसलाई सघाउ पुऱ्याउने छ । निश्चित कुरा चाहिँ के हो भने, लोकतन्त्रको देखावटी अभ्यासले लोकतन्त्रलाई संस्थागत गर्दैन, यसले लोकतन्त्रका हिमायतीलाई निराश मात्र बनाउँछ भन्ने सन्देश एमालेको सौराहा महाधिवेशनले दिएको छ ।

# दूषित राजनीतिले नेतृत्व गरेको अर्थतन्त्र

**विचार - विश्लेषण** भाग-११२



**उपेन्द्र झा**

> जीर्ण अर्थतन्त्रको अवस्थाप्रति सरकारको कुनै वैज्ञानिक सोच र सक्रियता नरहेको तथ्याँकले स्पष्ट पारेको छ । उच्च विन्दुमा रहेको नेपालको व्यापार घाटा र वस्तुको आयातले पनि सरकारलाई जिम्मेवारबोध गराउन नसकेको अवस्थाले जनमानसमा ठूलो चिन्ता उब्जाएको छ ।

देशके तत्कालीन अवस्थाको राजनीतिले विद्यमान समस्याको समाधान खोज्न नसकेको अवस्थामा, समाज यथास्थितिलाई स्वीकार नगरि परिवर्तनको खोजमा आन्दोलनको सहारा लिन्छ । यही क्रमले जन विरोधी सरकारको पतन र जन अपेक्षित शासन प्रणालीको उदय हुन्छ र देश विकासको क्षेत्रमा लम्की रहन्छ ।

आधुनिक मानव समाजले अनुसन्धानको क्षेत्रमा ठूलो फडको मारेपछि मानव जीवन सरल र सहज भयो । मानव अधिकार दिने र पाउने लोक कल्याणकारी लोकतान्त्रिक व्यवस्थाप्रति मानवको आकर्षण बढ्यो । नेपाली जनताले पनि शदियोंदेखि भोग्दै आएको सामन्ती बर्बर शासन प्रणालीको विकल्पमा लोकतान्त्रिक व्यवस्था ल्याउन संघर्ष गरे । अहिले संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा नेपाल ठूला संघर्षमा जुटेको छ ।

लोकतान्त्रिक प्रणालीको जनपक्षीय परिभाषालाई शासकवर्गीय परिभाषामा संकुचन गरेपछि नेपालको यावत् समस्या सम्बोधनबाट बञ्चित रहन गयो । परिणामस्वरूप लोकतान्त्रिक राजनीतिक प्रणाली अपेक्षाकृत लोकप्रियता हासिल गर्न नसक्दा जनतामा व्यापक नैराश्यता छाएको छ ।

सरकार र जनप्रतिनिधीहरू देश र जनताको जिम्मेवारीबाट पन्छिएर निजी स्वार्थको भरण पोषणमा लागेपछि देशको विकास धाराशायी भयो नै, राजनैतिक अराजकता बढेर लोकतन्त्र नै बदनाम भयो । महँगो चुनाव प्रणालीको कारण चोर, डाका, हत्यारा, तस्कर, माफिया, सूदखोर, व्यापारी, अशिक्षित, असक्षम व्यक्तिहरू सरकारमा पुगेपछि पैसा कमाउनेबाहेक अरू कुनै जिम्मेवारी बुझ्न सकेन । प्रजातन्त्र पुनर्स्थापना पश्चात् तथा संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आई पुग्दा यही एजेण्डाको निरन्तरता रहेकोले जनमानसमा नैराश्यता फैलिन गएको हो ।

राजनीतिक पार्टीहरूको घोषणा पत्रमा देश विकासका तथा लोक कल्याणकारी वैज्ञानिक, विश्वस्तरका एजेण्डाहरू छन् तर आचरण त्यसको प्रतिकूल रहेकोले राजनितिक धरातल बिल्कुल असन्तुष्ट बनेका छन् ।

आर्थिक अनियमितता सबै राजनीतिक दलको साझा न्यूनतम कार्यक्रम सर्वमान्य भएकोले भ्रष्टाचार मौलाएको छ । अख्तियार दुरूपयोग तथा भ्रष्टाचार निवारण आयोग साना साना माछा मारेर सबैलाई आफ्नो सक्रियता देखाई रहेको पनि छ ।

राजनैतिक, वैचारिक, सैद्धान्तिक मूल्य मान्यताहरूबाट स्खलित राजनीतिकर्मी, विभिन्न क्षेत्रका विज्ञ, बुद्धीजीवी, सामाजिक अभियन्ता कसैले पनि आफ्नो नैतिक जिम्मेवारीप्रति निष्ठावान देखिदैन । जिम्मेवारीप्रति उदासीन रहेकाहरूले आफ्नो निर्दोषिता दर्शाउन प्रतिपक्षले सरकारलाई दोष देखाउने, सरकारले सहकर्मीलाई यसरी एक अर्कालाई दोषारोपण गरेर चोखो बनेका छन् ।

राजनीतिक अराजकताले यहाँ विधीको शासन छ भन्ने कुरालाई शंकाको घेरामा ल्याई पुर्याएको छ । चुनावको समय नजिकिदै जाँदा राजनीतिकर्मीहरू पार्टीको महाधिवेशन सकेर धनको जोहोमा तल्लीन रहेको देखिन्छन् । राजनीतिमा आफूबाहेक अरू कोही हुनु हुँदैन भन्ने चलन बसाल्न शासकीय मनोवृति राख्नेहरू एकजूट छन् ।

अनैतिक आचरण र भ्रष्ट प्रवृति सर्वोच्च अदालतलाई अहिले युद्ध मैदान बनाई दिएको छ । प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबराको अनैतिक आचरण विरूद्ध राजिनामाको माँग गरेर न्यायाधीशहरू तथा वकीलहरूको आन्दोलन महिना पार गरेको छ । न्यायाधीशहरू ईजलाश बहिष्कार गरेका छन् । वकिलहरू बहस गर्न छाडेका छन् । दण्डित गर्ने र वचाव पक्ष दुबैको शक्ति प्रदर्शनले सर्वोच्च अदालतको मर्यादालाई तहस नहस त गर्यो नै, विश्वसामू नेपालको शिर निहुराएको छ ।

यसरी हरेक क्षेत्रमा अराजकताको माहौल छ । आर्थिक क्षेत्र, कृषि, शिक्षा, स्वास्थ्य, प्रशासनिक क्षेत्र अराजकताका शिकार भई जिम्मेवारबिहीन बनेका छन । शासन प्रणालीका संयन्त्रहरू छन् तर कार्यान्वयन पक्ष शिथिल बनेका छन् । यो अराजक माहौलमा सेवाग्राही पिल्सिएका छन् । राज्यले प्रत्यक्ष तथा अप्रत्यक्ष करको बोझ जनताको काँधमा लादेकै छ, भ्रष्ट कर्मचारीहरू पनि सेवा गरेवापत जनतालाई ढाड सेक्ने गरेको छ । मनोमानी ढंगको भ्रष्टाचारले संस्थागत स्वरूप ग्रहण गरेपछि सरकारका जिम्मेवार संयन्त्रहरू सबै शिथिल बनेका छन् ।

प्रजातन्त्र पुनर्स्थापनापछि ३ दशकको अन्तरालमा देश र जनताप्रति उदासीन बनेका, आफ्नो स्वार्थपूर्तिमा रमाएका दुई क्षमतावान नेपाली काँग्रेस र कम्युनिष्ट पार्टीले देश विकासप्रति गम्भीर हुन सकेन । ३२ वर्षको लामो अवसर प्राप्त भए पनि, पूर्व सरकारको दुईतिहाई सरकारले पनि देशको मूलभूत समस्यालाई सम्बोधन नगर्दा आर्थिकक्षेत्र धाराशायी भएको छ । सोमालिया जस्तो प्रभाव यहाँ नदेखिए पनि भिन्न भने छैन । आर्थिक क्षेत्रको दयनीय अवस्थाप्रति अर्थविदको चासो र चिंता सार्वजनिक हुँदै आएको छ ।

भन्सार विभागको तथ्याँक अनुसार चालू आर्थिक वर्षको ४ महिनामा ६ खर्ब ५० अर्ब २९ करोडको वस्तु आयात भएको छ । गत वर्ष सोही अवधीमा २ खर्ब ९२ अर्ब २६ करोडको आयात भएको थियो । (कारोवार दैनिक, १३ मंसीर ०७८)

आयातको अत्यधिक बृद्धीका कारण व्यापार घाटा पनि उच्च विन्दुमा पुगेको छ । चालू आ.व.को ४ महिनामा व्यापार घाटा ५ खर्ब ६८ अर्ब पुगेको छ । गत वर्ष सोही अवधीमा व्यापार घाटा ३ खर्ब ६२ अर्ब थयो (कारोवार, १३ मंसीर ०७८) ।

विप्रेषण आप्रवाह गत वर्षको २ खर्ब ५८ अर्ब ८६ करोडको तुलनामा यस वर्षको ३ महिनामा २ खर्ब ३८ अर्बमा खुम्चेको छ (कारोवार, १२ मंसीर ०७८) ।

चालू आर्थिक वर्षको ४ महिनामा ८२ अर्ब १२ करोडको निर्यात भएको छ । गत वर्ष सोही अवधीमा ४० अर्ब २० करोडको निर्यात भएको थियो । गत वर्षको तुलनामा निर्यात केही सन्तोषजनक देखिएपनि उत्पादनको अवस्था धेरै कमजोर रहेका कारण रहेका कारण प्रगतिमा सन्तोष गर्ने अवस्था भने छैन ।

जीर्ण अर्थतन्त्रको अवस्थाप्रति सरकारको कुनै वैज्ञानिक सोच र सक्रियता नरहेको तथ्याँकले स्पष्ट पारेको छ । उच्च विन्दुमा रहेको नेपालको व्यापार घाटा र वस्तुको आयातले पनि सरकारलाई जिम्मेवारबोध गराउन नसकेको अवस्थाले जनमानसमा ठूलो चिन्ता उब्जाएको छ ।

सरकार बनाउने अधिकार नेपाली काँग्रेस र एमालेमा मात्र सीमित रहेकोले दुबै पार्टीको कहिले शुद्धीकरण होला र यी पार्टीहरू कहिले देश र जनताको उन्नती प्रगतिप्रति जिम्मेवार होला, प्रतीक्षाको विषय नै हो । किनभने यसको विकल्प पनि छैन ।

janukjha24@gmail.com

# सामान्य प्रशासनमन्त्री राजेन्द्र श्रेष्ठलाई खुल्लापत्र

**भीम उपाध्याय**

तपाई एक लामो अनुभवी नेता हुनुहुन्छ। निजामती सेवा ऐनलाई कम भन्दा कम खल्बलाएर पास गराउनु होला । धेरै स्वार्थी र राजकाज र स्थिरता बारेमा गवा'र तत्वहरू यो ऐनलाई तन्नम् बनाउनमा न्वारानदेखिको बल लगातार लगाउँदै आइरहेको पाईन्छ । नयाँ काम गर्ने नाममा मुसाले आफ्नो पुच्छर साधुसंग काटीमागेर फरक हछु भन्ने देखाएजस्तै समाजमा हास्यको पात्र बन्दै कानुन लथालिंग पार्ने काम नगर्नुहोला ।

१. ऐनलाई कर्मचारी मैत्री, संघीयतामैत्री, जनमैत्री र कार्यान्वयनयोग्य बनाउनु पर्छ।

२. रिटायरमेन्ट उमेर साबिककै ठिक छ ५८ वर्ष, किनकि अब डिजिटलमैत्री एवं आईटी-पोख्त नया' पुस्ताको कर्मचारी ह्वात्तै भित्राउनुपर्छ । पूरानाहरू अनाडी छन्, तिनलाई डिजिटल युगमा सिकाएर जोत्न सकिदैन ।

३. सचिबमा क्लष्टर प्रणाली कि पूरै खारेज गर्नुपर्छ, कि पूरानै कायम गर्नुपर्छ, यसलाई चलाउने नौटंकी घातक हुन्छ, जसमा दुर्गन्ध र षड्यन्त्र लुकेको प्रष्ट देखिन्छ ।

४. गुणस्तरीयता कायम गर्न कर्मचारी भर्नाको परीक्षा प्रणाली संघीय लोकसेवा जस्तो रोबस्ट हुनुपर्छ । अन्य काम गरे पनि परीक्षा लिने र नतिजा निकाल्ने त्यो काम सरकारी प्रदेश लोकसेवाले भन्दा स्वतन्त्र, संवैधानिक शक्तिसम्पन्न आजसम्मको एकमात्र ऐतिहासिक सफल संघीय लोकसेवाले गर्नु रोबस्ट हुन्छ ।

५. पेन्सन प्रणाली यथावत राख्नुपर्छ । सरकारले सुरूदेखि पेन्सन कोष थप गर्न सक्छ ।

६. बढुवामा प्रतिष्पर्धा जुन तहको सेवाबाट पनि जुन तहमा गर्न पाउने हुनुपर्छ ।

७. सरूवा प्रणाली पनि निश्चित अवधि पूरा भएपछि अन्तरप्रदेश, अन्तर स्थानीय तह र संघीय सेवामा हुन पाउने गरिनुपर्छ ।

८. रिटायर कर्मचारीका बारेमा अविवेकी उल्लु कुरा ऐनमा राखेर जग हसाउने काम रोक्नुपर्छ । निजामती ऐनले सबै ऐनलाई नियमन गर्ने हुन सक्दैन । सरकारी सेवा वा राज्यको लामो सेवा गरिसकेर पाउने भरणपोषण वा पेन्सनलाई कुनै फौजदारी कानुनबिना रोक्न सक्दैन ।

९. पेन्सनवाला व्यक्ति स्वतन्त्र जनता हो, यति पनि हेक्का नराख्ने बुद्धि नभएको जनप्रतिनिधिहरूप्रति प्रबुद्ध कर्मचारी र जनताले सम्मान गर्न सक्दैनन्। यस्ता कुराहरूमा सेवानिवृत्त कर्मचारी संगठनका प्रबुद्ध वर्गको सल्लाहमा काम गर्नुहोला ।

१०. निजामतीमा कर्मचारी युनियन खारेज गराउनु होला ।

११. नेपालको सरकारी सेवामा रहेका करिब ६ लाख कर्मचारी मध्ये निजामती सेवामा ९० हजार मात्र कर्मचारी छन् । निजामती ऐनले बा'की ५ लाख+ कर्मचारीलाई नियमन र नियन्त्रण गर्न सक्ने हुदैन। त्यसैले धेरै माथापच्ची नगरेर सर्लक्क सजिलो तरिकाले यथाशिघ्र संघीय निजामती ऐन जारी गरेर बिलम्बित अन्योल र अनिश्चिततालाई समाप्त गरिहाल्नुस्। आफ्नो शरीरकै अंग, हातखुट्टा कर्मचारीवर्गसंग नेताहरूले आत्मघाती पैठाजोरी खेल्न अब बन्द गराउनुहोस् ।

# एमाले र ओलीप्रति मधेशका जनताले ठूलो आशा गरेका छन्

**मधेशका जनताले बुझिसकेका छन् कि एमाले मधेश विरोधी होइन भनेर। केही देशी विदेशी प्रतिक्रियावादी शक्तिहरूले एमालेका विरूद्धमा भ्रम फैलाएका थिए कि एमाले मधेशविरोधी हो। तर जनताले आज हेरिसकेका छन्, समग्र राष्ट्रिय एकता, मधेशीको विकास र समृद्धिको मुद्दा एमालेले नै पूरा गर्न सक्छ।**



## रघुवीर महासेठ
### सचिव, नेकपा (एमाले)

**० चितवनमा सम्पन्न नेकपा (एमाले)को दशौं महाधिवेशनले देश र जनतालाई के सन्देश दियो ?**

– यो दशौं महाधिवेशनले 'समृद्ध नेपाल सुखी नेपाली'लाई साकार पार्न एमालेबाहेक अन्य कुनै विकल्प छैन भन्ने सन्देश दिएको छ। यस्तै समग्र कम्युनिष्ट आन्दोलनको नेतृत्व एमालेबाहेक अरूले गर्न सक्दैन। किनकि एमालेसँग नेपाली जनताको भावना जोडिएको छ, जसको दृष्टान्त महाधिवेशन उद्घाटनसत्रमा ओर्लिएको जनसागरबाट देखिएको छ। नेपालको इतिहासमा यतिको जनसमुदायको उपस्थिति आजसम्म भएको थिएन। यसले प्रष्ट देखिएको छ कि यो देश समृद्धि, सामाजिक सद्भाव, विकास र परराष्ट्र नीतिको नेतृत्व एमालेले मात्र गर्न सक्छ। एमालेकै नीति आज देशको नीति बन्दै गएको छ। त्यसैले सम्पूर्ण देशभक्त, न्यायप्रेमी जनसमुदाय एकताबद्ध भएर देश निर्माणमा लाग्न यो महाधिवेशनले आह्वान गरेको छ। जसलाई नेपाली जनसमुदायले आत्मसात गरेको छ।

**० यो महाधिवेशनबाट एमालेमा फेरि नयाँ गुटको जन्म भयो भन्ने पनि देखियो नि ?**

– यो महाधिवेशनबाट सम्पूर्ण गुटउपगुटको अन्त्य भएको छ। हाम्रो महाधिवेशनले प्रजातान्त्रिक अभ्यास गरेको छ। हामीले चाहेको भए हलबाटै निर्णय भइसकेको कुरा कार्यान्वयन हुन्थ्यो। नेपाली जनसमुदाय र विश्व जगत्ले पनि हेरेको छ कि एमाले कतिको प्रजातान्त्रिक पार्टी रहेको छ। त्यसैले एमालेभित्र कुनै गुट छैन। श्रद्धेय अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा अब एकताबद्ध भएर कम्युनिष्ट आन्दोलन अगाडि बढ्छ।

**० हलले पदाधिकारी चयनको सम्पूर्ण अधिकार अध्यक्ष केपी शर्मा ओलीलाई दिएको थियो तर डा.भीम रावलले मान्नुभएन नि ?**

– डा.भीम रावललाई जित्दिँन भन्ने थाहा हुँदाहुँदै पनि अध्यक्ष पदमा उम्मेदवारी दिनुभयो। उहाँको भावनालाई पार्टीले आत्मसात गऱ्यो। हलले उहाँले उपाध्यक्षमा राखेकै थियो। तर उहाँ किन मान्नुभएन, उहाँको मनमा के थियो, त्यो त उहाँसँग नै सोध्नुपर्छ। आजको दिनमा एमाले मात्रै होइन, देशकै लागि केपी ओलीको विकल्प छैन। देश र जनताको आवश्यकता केपी ओली नै भएकोले उहाँ मानेको भए कम्युनिष्ट आन्दोलनका राम्रो सन्देश जाने थियो। केपी ओलीलाई निर्विरोध अध्यक्ष हुन नदिने चाहना त भीम रावलको पूरा भयो तर उहाँले कति मत ल्याउनुभयो सबैलाई थाहै छ।

**० यो महाधिवेशन ऐतिहासिकरूपमा सम्पन्न भइसकेपछि एमालेको आगामी कार्यदिशा के हो ?**

– एमालेको १०औं राष्ट्रिय महाधिवेशन भव्यतापूर्वक सम्पन्न भइसकेपछि हाम्रो अब एउटै कार्यदिशा र लक्ष्य हो आगामी चुनाव। हामीले दुई/तीनवटा कुरामा विशेष जोड दिन्छौं। अब एकजुट हुनका लागि सबै वामपन्थी कम्युनिष्टहरूलाई समेट्ने, देशव्यापीरूपमा पार्टी प्रवेश कार्यक्रम चलाउने कार्यदिशा रहेको छ। यसका साथै, आगामी स्थानीय, प्रदेश र संघीय चुनावको तयारी पनि अब हाम्रो सुरू हुनेछ।

**० माधव नेपालको एकीकृत समाजवादी र माओवादी केन्द्रसँग पनि एकताको प्रयास हुन्छ ?**

– एमालेबाट चोइटिएर गएका माधव नेपालको एकीकृत समाजवादी र माओवादी केन्द्रको बाटो अलि-अलि फरक छ। माधव नेपालको पार्टीसँग अहिले कुनै पनि प्रकारको गठबन्धन वा सहकार्य हुँदैन। उहाँहरू आत्मालोचना गरेर पार्टीभित्र फर्किनुभयो भने फेरि हामी स्वागत गर्न सक्छौं। आज उहाँहरूकै कारणले कम्युनिष्ट आन्दोलन बदनाम भएको छ। संसारमा नेपालमा मात्र एउटा देश थियो जहाँ कम्युनिष्ट पार्टीले चुनावको माध्यमले करिब दुई तिहाइको बहुमत प्राप्त गरेको थियो। तर माधव नेपालहरूको क्रियाकलापले कम्युनिष्ट आन्दोलनलाई ठूलो धक्का लागेको छ। त्यो कुरालाई कम्युनिष्ट आन्दोलनको इतिहासले बिर्सिने छैन। त्यसकारणले माधव नेपालको पार्टीसँग गठबन्धन वा सहकार्य हुने कुनै सम्भावना अहिले देखिएको छ। यदि माओवादी केन्द्र पनि इमान्दार भएर आउँछ भने आगामी दिन सहकार्य हुनै सक्दैन भन्न सकिँदैन।

**० अब एमाले सम्पूर्णरूपमा चुनावी तयारीमा लाग्ने अध्यक्ष केपी ओलीले भनिसक्नुभएको छ। एमालेको लागि कतिको चुनौतिपूर्ण छ आगामी चुनाव ?**

– एमालेको लागि आमचुनाव २०७४ र अहिलेको अवस्थामा फरक छ। त्यतिबेला एमालेप्रति नेपाली जनता त्यति विश्वस्त भइसकेका थिएनन्। किनकि देशीविदेशी प्रतिक्रियावादी शक्तिहरू एमालेको विरूद्धमा त्यो बेला पनि लागेको थियो र आज पनि लागेको छ। तर कमरेड केपी ओलीको नेतृत्वमा गत साढे तीन वर्षमा देशले विकासमा कतिको फड्को मारेको छ, राष्ट्रिय एकता बलियो बनाउन कसरी कार्यहरू गर्नुभएको छ, यी सबै कुराहरूलाई नेपाली जनताले हेरिसकेका छन्। त्यसकारणले हिजोजस्तो चुनौति आज एमालेका लागि छैन। हामीलाई विश्वास छ, नेपाली जनताले एमालेलाई आउने निर्वाचनमा पुनः बहुमतको सरकार बनाउने अवस्थामा पुऱ्याउने छ।

**० पाँच दलीय गठबन्धनले एमालेलाई फरक पार्दैन ?**

– त्यो पाँच दलीय गठबन्धनले हामीलाई केही फरक पार्न सक्दैन। किनकि त्यो गठबन्धन अपवित्र गठबन्धन हो। त्यो गठबन्धन धेरै लामो समयसम्म टिक्नै सक्दैन। यिनीहरूको एजेन्डा र विचार नै मिलिरहेको छैन। गठबन्धनभित्र देशलाई पश्चगमनतर्फ लैजाने, सामाजिक सद्भाव बिगार्ने शक्तिहरू छन्। यो गठबन्धनलाई नेपाली जनताले विश्वास गर्दैन। जनताको मतादेशभन्दा पनि अदालतको परमादेशबाट बनेको सरकारमा पाँच दलीय गठबन्धन रहेको छ। यसले जनता र देशको हितमा अहिलेसम्म कुनै पनि काम गरेको देखिँदैन।

**० एमालेको यो महाधिवेशन मधेशको दृष्टिकोणबाट कस्तो रह्यो ?**

– एमालेप्रति मधेशमा राम्रै सन्देश गएको छ। गत निर्वाचनमा पनि स्थानीय चुनावमा एमाले मधेशको सबभन्दा ठूलो दलको रूपमा आएको थियो। हामीले धेरै मेयरहरू जित्न सकेनौं तर सबभन्दा बढी जनप्रतिनिधि एमालेले नै जितेको थियो। अहिले पनि केही नगण्य मान्छेहरू माधव नेपालको पार्टीमा गए। तर मधेशमा हामी कुनै पनि पार्टीभन्दा कमजोर छैनौं। अब त मधेशका जनताले बुद्धिसकेका छन् कि मधेशको विकास र समृद्धि एमालेबाहेक अर्को पार्टीले गर्न सक्दैन। केपी ओलीको कार्यकालमा मधेशमा उल्लेखनीय विकास निर्माणका कामहरू भएका छन्। त्यसैले मधेशका जनता हिजोभन्दा आज बढी एमालेप्रति विश्वस्त भएका छन्।

**० तर यो महाधिवेशनबाट पनि एमालेको पदाधिकारीमा मधेशी अनुहार सांकेतिकरूपमा मात्रै देखिन्छ नि ?**

– पदाधिकारी भनेको पार्टीको कोर टिम हो। त्यसमा मधेशीको उपस्थिति अझ बढी हुनुपर्ने थियो। त्यसका धेरै कारणहरू छन्। मधेशका कतिपय नेताहरू उमेरका कारण सक्रिय देखिनु हुन्न। कतिपय नेताहरूको चाहना थियो होला। तर पार्टी राजनीतिमा पदाधिकारीको चयन कार्यकर्ताहरूले गर्ने हो। तर पनि महाधिवेशनबाट यसपटक सबै समुदायलाई समेट्ने गरी प्रतिनिधित्व भएको छ। यसलाई हामीले सकारात्मकरूपमा लिएका छौं।

**० मधेशमा एमालेप्रति जुन आक्रोश वा मधेशविरोधी एमाले भन्ने कुरालाई यो महाधिवेशनले चिर्न सक्यो त ?**

– निश्चितरूपमा मधेशका जनताले बुझिसकेका छन् कि एमाले मधेश विरोधी होइन भनेर। केही देशी विदेशी प्रतिक्रियावादी शक्तिहरूले एमालेका विरूद्धमा भ्रम फैलाएका थिए कि एमाले मधेशविरोधी हो। तर जनताले आज हेरिसकेका छन्, समग्र राष्ट्रिय एकता, मधेशीको विकास र समृद्धिको मुद्दा एमालेले नै पूरा गर्न सक्छ। मधेशका जनताले पनि बुझिसकेका छन् कि यो देशलाई नै केपी ओलीको आवश्यकता हो। मधेशका जनताले पनि यो देशको विकल्प केपी ओलीबाहेक अरू कोही होइन भन्ने बुझिसकेका छन्। एमाले र केपीप्रति मधेशका जनताले ठूलो आशा र विश्वास गरेको छ।

**० आगामी चुनावी प्रतिस्पर्धामा मधेशमा एमालेलाई थुप्रै चुनौतिहरू छन् नि ?**

– जतिबेला एमालेलाई मधेश विरोधी भनेर प्रचारबाजी गरी भ्रम फैलाइएको थियो त्यतिबेला पनि एमाले कुनै दलभन्दा कमजोर थिएन। बरू अन्य दलभन्दा बढी नै मत ल्याएको थियो। अहिले झन् मधेशका जनताले एमालेलाई विश्वास गर्न थालेका छन्। मधेशमा जसले जतिसुकै गठबन्धन वा सहकार्य गरे पनि एमालेलाई नै मधेशका जनताले जिताएर पठाउँछन्।

# अन्ततः विमलेन्द्र निधिले देउवालाई नै समर्थन गर्ने अवस्था आउँछ

**विमल दाइको अहिलेको राजनीतिक परिस्थितिलाई हेर्दा उहाँले सभापतिका लागि उम्मेद्वारी नै दिनु हुन्न भन्ने कुरा लाग्दैन। उहाँले उम्मेद्वारी दिनुहुन्छ। यदि निर्वाचनको पहिलो चरण प्रवेश गऱ्यो भने पुनः उहाँले शेरबहादुरजीलाई नै सहयोग गर्नुहुन्छ।**



## अतहर कमाल मुसलमान
### प्रतिनिधिसभा सदस्य तथा नेपाली कांग्रेसका नेता

**० नेपाली कांग्रेसको आसन्न १४औं महाधिवेशन यसपटक तोकिएकै मितिमा सम्पन्न होला ?**

– निश्चितरूपमा यसपटकको मितिमा महाधिवेशन सम्पन्न हुन्छ। लगभग धेरै जिल्लाहरूमा अधिवेशन सम्पन्न भइसकेका छन् र अधिकांश जिल्लाहरूमा मतदाता नामावलीसमेत तयार भइसकेको छ। प्रदेश २ का जिल्लाहरूमा पनि प्रक्रिया अगाडि बढिसकेको छ। प्रदेश अधिवेशनको पनि मिति तय भएर अगाडि बढिसकेको अवस्थामा केन्द्रीय अधिवेशन लगभग निश्चित नै भइसकेको छ।

**० कतिपय वडा तथा जिल्लाहरूमा विवाद देखिएको छ, निर्वाचन अधिकृत कुटाइ खानुपरेको वा राजीनामा दिनुपरेको अवस्था छ। सर्लाही जिल्लामा त गोली नै चल्यो नि ?**

– सबै ठाउँमा नेपाली कांग्रेसको सिद्धान्त र आचारसंहिता नै लागू हुने किसिमका नेता कार्यकर्ताहरू हुन्छन् भन्ने अवस्था हुँदैन। केही ठाउँहरूमा उच्छृङ्खलता पनि हुन्छ। त्यसमा सर्लाहीको घटना देखिएको हो। विगतका अधिवेशनहरूलाई पनि हेर्ने हो भने ५/७ वटा जिल्लाहरूमा समयमा अधिवेशन हुन नसके पनि केन्द्रीय अधिवेशन भएको अवस्था छ। अहिलेको परिस्थिति हेर्दा एउटा सर्लाही मात्रै त्यस किसिमको दुर्घटना भएको अवस्था छ। त्यसकारण अन्य जिल्लाहरूमा अधिवेशन सम्पन्न भयो भने एउटा जिल्लाले गर्दा अधिवेशन रोकिने अवस्था आउँदैन।

**० सर्लाहीमा अधिवेशन गर्न अवस्था सामान्य भएन भने के गर्ने ?**

– एउटा जिल्लाले गर्दा समग्र महाधिवेशनलाई प्रभावित गर्ने अवस्था छैन।

**० भनेपछि मंसिरभित्रै केन्द्रीय अधिवेशन सम्पन्न हुन्छ ?**

– एक दुई दिन तलमाथि भएर पनि मंसिर भित्रै केन्द्रीय अधिवेशन सम्पन्न हुनेछ।

**० अहिलेसम्मको अवस्था हेर्दा सभापतिमा कसको पल्ला भारी देख्नुहुन्छ ?**

– महाधिवेशन प्रतिनिधिले केन्द्रमा नेतृत्व चयन गर्ने चयन हो। विगत महाधिवेशनमा कसको बाहुल्यता र को कम-बढी भन्ने कुरा महाधिवेशन प्रतिनिधिमा फरक पार्ने हो। महाधिवेशन प्रतिनिधि व्यक्तिको अवस्थामा फरक पार्दछ। अहिलेसम्मको अधिवेशनको परिणाम हेर्ने हो भने सभापति शेरबहादुर देउवाको पक्षमा स्पष्टरूपमा बहुमत देखिन्छ। व्यवस्थापन सबैभन्दा ठूलो जटिल विषय हो। महाधिवेशनमा व्यवस्थापन गर्न सकिएन त्यसले समीकरण परिवर्तन गर्ने अवस्था पनि देखिन्छ। उपभापति, महामन्त्री र सहमहामन्त्रीमा व्यवस्थापन गर्न सकियो भने शेरबहादुरजी सशक्तरूपले अगाडि आउनुहुन्छ। अर्कोतिर मोर्चा बनाउने वा सहकार्य गरेर जाने देखिएको छ तर एउटा सभापतिको उम्मेद्वार तय गर्न सक्नुभएको छैन। त्यसैले यो महाधिवेशनको बढीभन्दा बढी फाइदा शेरबहादुरजीलाई हुने देखिन्छ।

**० भनेपछि फेरि पनि शेरबहादुर देउवा नै सभापति हुने प्रवल सम्भावना छ ?**

– अहिलेसम्म सिनारियो, महाधिवेशन प्रतिनिधिको अवस्था र रूझान हेर्दा उहाँकै पक्षमा परिणाम आउने देखिएको छ।

**० तर सभापति शेरबहादुर देउवाका सबभन्दा नजिकका र सहयोगी रहँदै आउनुभएका उपसभापति विमलेन्द्र निधिले पनि आफ्नो दाबेदारी प्रस्तुत गर्नुभएको छ। निधि देउवाबाट अलग्गिँदा कतिको असर पर्न सक्छ ?**

– शेरबहादुरजीको सहयोगीको रूपमा हेर्दा अहिलेसम्म विमल दाइले नै सहयोग गर्दै आउनुभएको छ। यो कुरामा कुनै दुईमत छैन। यो कुरालाई उहाँले व्यवस्थापन गर्नुपर्छ। तराईको प्रभावशाली प्रतिनिधि विमल दाइ भएकोले शेरबहादुरजीले सकभर व्यवस्थापन गर्नुपर्छ। समग्रमा हेर्दा प्रदेश २ को आठवटा जिल्लामध्ये एउटा जिल्ला प्रभावित भएको अवस्था छ। विमल दाई शेरबहादुरजीको सबैभन्दा अन्तरंग सहयोगीको रूपमा भएको नाताले पनि उहाँ छुट्टिदा नैतिकरूपमा शेरबहादुरजी कमजोर हुनुहोला।

**० तपाईँहरूको चाहना के हो ?**

– शेरबहादुरजीले नै मलाई केन्द्रीय सदस्यमा मनोनित गरिसकेपछि उहाँप्रति आफ्नो नैतिक दायित्व पूरा गर्नु हो। यसका साथसाथै मेरो अर्को दायित्व भनेको मधेशको नेताको रूपमा स्थापित विमलेन्द्र निधिजीलाई पनि शेरबहादुरजीले व्यवस्थापन गर्नुपर्छ।

**० विमलेन्द्र निधिलाई एक पटक किन नेतृत्व दिन सकिँदैन ?**

– पार्टीको नेतृत्व गरिसकेपछि उहाँको पछाडिका साथीहरूको एउटा दबाब छ कि तपाइँ नै सबैलाई समेटेर अगाडि बढ्नुस् र विमल दाईलाई पनि नछोड्नुस् भन्ने कुराहरू उठेका छन्। त्यसले गर्दा अन्तिम समयसम्म विमल दाईले आफूलाई सभापतिको रूपमा प्रस्तावित गर्नुहोला जस्तो मलाई लाग्दैन।

**० तर, विमलेन्द्र निधि ब्याक नहुने र आफ्नो योजना तथा कार्यक्रमसमेत सार्वजनिक गरिसक्नुभएको छ नि ?**

– विमल दाइको अहिलेको राजनीतिक परिस्थितिलाई हेर्दा उहाँले सभापतिका लागि उम्मेद्वारी नै दिनु हुन्न भन्ने कुरा लाग्दैन। उहाँले उम्मेद्वारी दिनुहुन्छ। यदि निर्वाचनको पहिलो चरण प्रवेश गऱ्यो भने पुनः उहाँले शेरबहादुरजीलाई नै सहयोग गर्नुहुन्छ। दोस्रो चरणको अवस्थामा विमल दाइले सभापति शेरबहादुरजीलाई सहयोग गर्ने देखिन्छ।

**० भनेपछि, नेपाली कांग्रेसमा नयाँ पुस्ताले नेतृत्वका लागि हस्तक्षेप गर्ने अवस्था आएको छैन ?**

– अहिलेसम्म हामीले हेरिसक्यौं महाधिवेशन प्रतिनिधिको संख्या, महाधिवेशनको अवस्था। स्थानीयदेखि जिल्लास्तरसम्मको निर्वाचन प्रक्रिया र निर्वाचित प्रतिनिधिको रूझान हेर्ने हो भने सामाजिक सञ्जालमा युवाहरूले नै नेतृत्व गर्नुपर्छ भन्ने जुन अवस्था देखिएको थियो अहिले त्यो अवस्था छैन। नेतृत्ववर्गले जे भन्यो त्यो नै लागू हुनुपर्छ। यो नेपालको मात्रै होइन, दक्षिण एसियाको जहाँ पनि हेर्नुहुन्छ भने स्थापित नेतृत्वले नै विकल्प दिन्छन्। दोस्रो पुस्ताको हातमा नेतृत्व आउनुपर्छ भन्दै गर्दा हामी आठ भाइ वा १२ भाईबीच नै नेतृत्वका लागि सहमति जुटेको देखिएन। त्यसैले तत्कालै सभापतिमा अहिलेकै युवाहरू पुग्नुहोला भन्ने अवस्था देखिँदैन। अहिले सुरूवात हो, भोलिका दिनमा यसले सकारात्मक परिणाम ल्याउन सक्छ।

**० सभापति शेरबहादुर देउवाका प्रतिद्वन्द्वीहरूले विभिन्न किसिमका आरोपहरू लगाएका छन् नि ?**

– सफलता र असफलताका मापनहरू जनता र पार्टीका कार्यकर्ताले निर्धारण गर्ने हो। प्रतिपक्षीले जहिले पनि असफल भन्छन्। उहाँलाई एक पक्षले असफल भन्छन् भने अर्को पक्षले सफल भन्छन्। यसको मूल्यांकन गर्ने प्रक्रिया र पद्धति भनेको आमनिर्वाचनमा जनताले र पार्टीको निर्वाचनमा नेता कार्यकर्ताले हो। त्यसैले व्यक्तिगतरूपमा तल्लोस्तरसम्म झरेर कोही पनि जानु हुँदैन। जो नेतृत्वमा आएपनि हामीले स्वीकार्नैपर्छ। जुनसुकै कुरामा सामूहिक निर्णयअनुसार हुँदै आएका छन्। त्यसैले त्यसको नराम्रा र राम्रा पक्षका दोषी सबै हुन्। त्यसैले हामी स्वस्थ किसिमको प्रतिस्पर्धा गर्नुपर्छ। कांग्रेस एउटा लोकतान्त्रिक पार्टी भएको नाताले त्यस किसिमको संस्कार पालना गर्दै आएको हो।

**० सभापति देउवाकै कारण समयमा महाधिवेशन हुन सकेन, उहाँकै नेतृत्वमा पार्टीले ठूलो क्षति व्यहोर्नुपऱ्यो, उहाँको नेतृत्व असफल भइसक्यो भन्ने आरोपहरू छन् ?**

– अहिलेसम्म कांग्रेसको जति पटक पनि महाधिवेशन सरेको छ, त्यसमा सामूहिक निर्णयकै आधारमा भएको हो। कांग्रेसको महाधिवेशन सर्दा अन्य पार्टीहरूको पनि अधिवेशन गरेको हो। यसका धेरै कारणहरू छन्। कोभिडको प्रभाव थियो, निर्वाचन गर्ने अवस्था थिएन। अर्को कुरा निर्वाचनमा जुन क्षति व्यहोऱ्यो त्यसको दोषी सभापति मात्रै होइन। किनभने टिकट वितरणमा सभापतिको मात्रै संलग्नता थिएन, सबैको संलग्नता थियो।

**० गत निर्वाचनमा कांग्रेस जुन क्षति व्यहोऱ्यो, त्यसको क्षतिपूर्ति गर्न आगामी निर्वाचन सहज छ ?**

– एकदम सहज वातावरण छ। किनभने हामी अहिले एउटा गठबन्धन बनाएका छौं। गत निर्वाचनमा कम्युनिष्ट पार्टी र मधेशकेन्द्रित पार्टीहरूको छुट्टाछुट्टै गठबन्धन हुँदा पनि करिब ४३ सिटमा हाम्रा उम्मेद्वारहरू एक हजार दुई हजार मतले पराजित भएका थिए। ती सबै सिटहरू कांग्रेसले फिर्ता लिनसक्ने र समानुपातिक समावेशितामा पनि कांग्रेसको सिट संख्या बढ्छ। हाम्रो अहिलेसम्मको रणनीति हेर्ने हो भने हामी एकल सरकार बनाउन सक्ने अवस्थामा पुग्न सक्छौं।

**० अहिले पाँच दलीय गठबन्धनमा कांग्रेस रहेको छ। चुनावमा कांग्रेसका लागि गठबन्धन सहज होला ?**

– अहिलेको अवस्थामा माओवादी केन्द्र, माधव नेपालको पार्टी र जसपाले जसरी कांग्रेसलाई सहयोग गऱ्यो, त्यसरी नै हामीले ती साथीहरूलाई छोड्दैनौं। यो गठबन्धनलाई कायम गरेर अगाडि बढ्नुपर्छ। यो गठबन्धनले राजनीतिक धर्म निर्वाह गर्छ। असहज परिस्थितिमा यदि कसैले हामीलाई साथ दिन्छन् भने त्यो साथीलाई हामीले सहज परिस्थितिमा पनि साथ दिनुपर्छ। खोलो तऱ्यो, लौरो बिर्सियो भन्नेझैं राजनीतिक संस्कार विकास गरियो भने भोलिका दिनमा राजनीतिक नैतिकता, इमान्दारिता र संस्कारमाथि प्रश्न उठ्छ। केही ठाउँमा सिट छोड्दैमा केही बिग्रिदैन। किनभने भोलिका दिनमा हाम्रो सरकार भयो भने सुशासन, विकास र समृद्धि जनतालाई दिन सक्छौं।

# एमाले महाधिवेशनबाट पारित प्रस्तावहरू

नेकपा (एमाले) दसौं राष्ट्रिय महाधिवेशन यही मङ्सिर १० गते शुरू भएर आज १४ गते सम्पन्न हुँदै छ। मङ्सिर १० गते चितवन, नारायणगढ स्थित नारायणी किनारामा उद्घाटन भएको महाधिवेशनको बन्द सत्र ११- १४ सम्म प्रसिद्ध पर्यटकीय स्थल सौराहामा आयोजना गरिएको थियो। दसौं राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोह नेपालमा हालसम्मकै सर्वाधिक जनसहभागिता सहित भव्य, ऐतिहासिक र अत्यन्त उत्साहपूर्ण वातावरणमा सम्पन्न भयो। उद्घाटन समारोहमा भएको अभूतपूर्व जनसहभागिताबाट पार्टीको आत्मविश्वास उच्च भएको छ। उद्घाटन सत्रमा भएको भव्य उपस्थितिले नेकपा (एमाले) नै देशको प्रमुख शक्ति हो भन्ने पुष्टि भएको छ। यसका लागि हाम्रो पार्टी गौरवान्वित छ। त्यसै गरी तीन दिनसम्म सञ्चालित बन्द सत्र अत्यन्त सौहार्द रह्यो। महाधिवेशनले देहायका प्रस्तावहरू पारित गरेको छ -

१. यो महाधिवेशन राष्ट्रिय स्वाधीनता, लोकतन्त्र, सामाजिक-आर्थिक रूपान्तरण तथा समाजवादका लागि सङ्घर्ष गर्दा आफ्नो अमूल्य जीवन अर्पण गर्नु हुने सम्पूर्ण शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ र उहाँहरूका आदर्शबाट निरन्तर प्रेरणा प्राप्त गरिरहने सङ्कल्प गर्दछ।

२. यो महाधिवेशन पार्टीका संस्थापक महासचिव पुष्पलाल, जननेता तथा जनताको बहुदलीय जनवादका प्रणेता मदन भण्डारी तथा प्रथम जननिर्वाचित कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारीप्रति उच्च सम्मानका साथ श्रद्धासुमन अर्पण गर्दछ। पार्टीका पूर्वमहासचिव तुलसीलाल र अग्रणी महिला नेतृ सहाना प्रधान लगायत आन्दोलनका अग्रजहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछ।

३. यो महाधिवेशन नवौं महाधिवेशन यता दिवंगत हुनुभएका केन्द्रीय सदस्य कमरेडहरू रामनाथ ढकाल, महिम सुब्बा लिम्बु, रवीन्द्र अधिकारी, दिनेशचन्द्र यादव, पशुपति चौलागाईं र योगनारायण यादव तथा पार्टीका स्थायी कमिटी सदस्य एवं पूर्वउपप्रधानमन्त्री तथा अर्थमन्त्री भरतमोहन अधिकारी, केन्द्रीय निकायका सदस्यहरू- वीरबहादुर ठगुन्ना, जागृत भेटवाल, माणिकलाल गौतम, पूर्वसांसदहरू वीरबहादुर सिंह, कमला सुवेदी, रत्नप्रसाद शर्मा, वीरबहादुर लामा लगायत कमरेडहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ।

४. यो महाधिवेशन लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानप्रति ऐक्यबद्धता जाहेर गर्दछ र महिला विरूद्ध हुने सबै खाले हिंसाका विरूद्ध अग्रपङ्क्तिमा उभिएर सङ्घर्ष गर्ने दृढता व्यक्त गर्दछ। पार्टी पङ्क्तिलाई महिला हिंसा विरूद्ध सचेत, जागरूक र प्रतिरोधी बनाउँदै नेपाली समाजलाई महिला हिंसाबाट मुक्त बनाउने सङ्कल्प गर्दछ।

५. वर्तमान सरकार राष्ट्रिय हित, जनसरोकार र लोकतान्त्रिक मूल्यमान्यताप्रति दिनानुदिन गैरजिम्मेवार बन्दै गएको छ। राष्ट्रिय स्वाभिमानमाथि आँच पुग्दा समेत कुनै प्रतिवाद नगर्ने, लोकतान्त्रिक मूल्यमान्यताको उपहास गर्ने र जनताको जीवनलाई झनै कष्टकर बनाउन उद्यत् देखिएको छ। राज्यका तीनवटै अङ्ग विवादित र अकर्मण्य अवस्थामा छन् र जनविश्वास गुमाउँदै गएका छन्। महङ्गी आकासिएको छ। सर्वत्र बेथिति बढेको छ। गठबन्धनमा आबद्ध नेताहरूको स्वार्थपूर्तिका लागि प्रदेशहरूमा मन्त्रालयलाई जथाभावी विभाजन गर्दै सङ्ख्या बढाउने र सरकारी सम्पत्तिको दुरूपयोग गर्ने क्रम बढेको छ। एमाले नेतृत्वका सरकारहरूले अगाडि बढाएका कैयौं राष्ट्रिय र प्रादेशिक विकास आयोजनाहरूलाई राजनीतिक पूर्वाग्रहका कारण रद्द गरिएको छ। यसले विकास र समृद्धिको यात्रा मात्रै अवरूद्ध भएको छैन, जनतामा निराशा समेत बढ्दै गएको छ। यो महाधिवेशन राष्ट्रिय हित र स्वाभिमानमाथि आँच पुग्ने कुनै पनि काम नगर्न, लोकतान्त्रिक मूल्य मान्यताहरूको अपमान नगर्न, विकास आयोजनाहरूको बजेट कटौती नगर्न, मूल्यवृद्धि नियन्त्रण गर्न र जनताको जीवनमाथि थप कष्ट पुर्‍याउने काम नगर्न सरकारको गंभीर ध्यानाकर्षण गर्दछ।

६. गतः असोजको अन्तिमबाट परेको बेमौसमी बर्खा र त्यसका कारण आएको बाढीपहिरोले जनधनको ठूलो क्षति भएको छ। सयभन्दा बढी नागरिकहरूको ज्यान गएको छ, हजारौं परिवार घरबारविहीन भएका छन् भने सडक लगायत पूर्वाधारमा ठूलो क्षति भएको छ। अरबौं मूल्यबराबरको पाकेको धानबाली सखाप हुँदा हजारौं किसान परिवार मर्माहत भएका छन्। यो महाधिवेशन किसानहरूको उक्त पीडाप्रति सहानुभूति व्यक्त गर्दै सरकारसँग उचित क्षतिपूर्ति, राहत र पुनर्स्थापनाका लागि जोडदार माग गर्दछ।

७. शान्ति प्रक्रियाका बाँकी कामहरूलाई टुङ्ग्याएर पीडितलाई न्याय र पीडकलाई सजाय दिने दायित्वबाट सरकार पन्छिँदै गएको छ। यसले पीडितहरूमा पीडा थपिँदै जाने, न्याय पाउने आशा समाप्त हुँदै जाने र अन्तर्राष्ट्रिय जगतमा नेपालको छविमाथि प्रतिकूल प्रभाव पर्ने संभावना बढ्दै गएको छ। यो महाधिवेशन सरकार र सत्ता गठबन्धनलाई सङ्क्रमणकालीन न्यायका काममा आलटाल नगर्न र द्वन्द्वका पीडितहरूलाई अविलम्ब परिपूर्णको प्रबन्ध गर्न माग गर्दछ।

८. राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राख्दै स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्नु तथा सन्तुलित वाह्य सम्बन्ध सञ्चालन गर्नु संविधानको मर्म र दिशा निर्देश समेत हो। तर वर्तमान सरकार स्वतन्त्र परराष्ट्र नीतिको अवलम्बन र सन्तुलित वाह्य सम्बन्धका आधारभूत मान्यताको परिपालनामा चुकिरहेको छ। परराष्ट्र नीतिसँग जोडिएका संवेदनशील प्रश्नहरूमा सत्तारूढ गठबन्धनका नेताहरूका परस्पर विरोधी अभिव्यक्ति, छिमेकी लगायत नेपालका महत्वपूर्ण विकास साझेदार मुलुकमा लामो समयसम्म कुटनीतिक नेतृत्वको रिक्तता जस्ता विषय यसका दृष्टान्त हुन्। यो महाधिवेशन परराष्ट्र नीति र छिमेक लगायत वाह्य सम्बन्धमा देखा परेका सरकारका असङ्गत र अपरिपक्व व्यवहारको विरोध गर्दछ।

९. २०७८ असार २८ को परमादेश सत्ता गठबन्धनका नेताहरूको स्वार्थपूर्तिका लागि न्यायालय र राजनीतिक पक्षबीच भएको 'सेटिङ' को परिणाम र राजनीतिक उद्देश्यले निर्देशित फैसला हो भन्ने कुरा सर्वोच्च अदालतभित्र देखा परेका पछिल्ला घटनाक्रमबाट पुष्टि भएको छ। त्यही फैसलाकै सहउत्पादनका रूपमा समस्या झाँगिदै गएर आज हजारौं नागरिकहरू न्याय पाउनबाट मात्र बञ्चित भइरहेका छैनन्, बन्दी प्रत्यक्षीकरण जस्तो सङ्कटकालमा पनि रोक्न नपाइने मौलिक अधिकारको समेत हनन भएको छ। सर्वोच्च अदालत परिसरभित्र हाल देखा परेका बेथिति, अराजकता र जनताको न्याय पाउने हकको हननप्रति महाधिवेशन खेद व्यक्त गर्दछ। निश्चित समूहको स्वार्थपूर्तिका लागि न्यायालयलाई बन्धक नबनाउन खबरदारी गर्दै यो महाधिवेशन न्याय पाउने नागरिकहरूको हकको प्रत्याभूति गर्न एवं न्यायालयलाई भ्रष्टाचार मुक्त, स्वच्छ र सक्षम बनाउन सम्बद्ध सबै पक्षसँग आह्वान गर्दछ।

१०. हालै सम्पन्न संयुक्त राष्ट्र सङ्घको ७६ औं महासभाबाट नेपाललाई अल्पविकसित अवस्थाबाट विकासशील देशमा स्तरोन्नत गर्ने प्रस्ताव पारित भएको छ। नेकपा (एमाले) नेतृत्वको सरकारले अगाडि बढाएको प्रक्रिया अनुरूप संयुक्त राष्ट्र सङ्घबाट पारित उक्त प्रस्ताव नेपालको सामाजिक-आर्थिक रूपान्तरणको दिशामा महत्वपूर्ण छ र यसले नेपालको आत्मविश्वास बढाउन सहयोग पुर्‍याउने छ। यो महाधिवेशन नेपाललाई विकासशील देशमा स्तरोन्नतिका लागि आवश्यक पूर्वाधार तयार गर्ने नेकपा (एमाले) नेतृत्वको पूर्ववर्ती सरकारको प्रशंसा गर्दै संयुक्त राष्ट्र सङ्घलाई धन्यवाद ज्ञापन गर्दछ। स्तरोन्नत हुने क्रममा रहेका मुलुकहरूले पाउने सहुलियत र सुविधालाई सुनिश्चित गर्न ध्यानाकर्षण गर्दछ।

११. यो महाधिवेशन गतः कार्तिक ६ गते सम्पन्न वडा/शाखा अधिवेशन तथा ९ गते सम्पन्न पालिका/इलाका अधिवेशनमा कमरेडहरूले देखाउनु भएको उच्चस्तरको एकता, हार्दिकता र समझदारीको उच्च मूल्याङ्कन गर्दै नेतृत्वमा निर्वाचित सबै कमरेडहरूलाई बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछ। हाम्रो पार्टीका आधारभूत संरचनामा रहेका उक्त कमिटीहरूको कामलाई थप सुदृढ, व्यवस्थित बनाउँदै सबै खाले चुनौतीको सामना गर्ने गरी पार्टी कामलाई प्रभावकारी बनाउन यो महाधिवेशन आह्वान गर्दछ।

१२. यो महाधिवेशन संविधानको मर्म र कानुनको व्यवस्था अनुसार आफ्ना प्रत्येक निर्वाचित कमिटीहरूमा न्यूनतम एक तिहाइ महिला सहभागिता सुनिश्चित गर्ने नेपालको पहिलो पार्टी हुन सकेकोमा गर्व गर्दछ। दसौं राष्ट्रिय महाधिवेशनबाट हामीले दुई पदाधिकारीसहित एक तिहाईभन्दा बढी महिलाका साथै श्रमिक, आदिवासी-जनजाति, मधेसी, दलित, थारू, मुस्लिम, पिछडिएको क्षेत्र लगायतको समावेशी प्रतिनिधित्व गर्ने केन्द्रीय कमिटी निर्वाचित गरेका छौं। पार्टी संरचनाहरूलाई थप समावेशी बनाउँदै पार्टीलाई श्रमिक वर्ग, महिला, युवा, दलित लगायत समाजका आधारभूत वर्गमा अझ बढी आधारित बनाउँदै लैजाने सङ्कल्प गर्दछ।

१३. यो महाधिवेशन पार्टीका सबै तहका कमिटीहरूलाई आगामी निर्वाचनको तयारीमा लाग्न, आफ्ना कार्यक्षेत्रहरूमा पार्टीको विजय सुनिश्चित गर्न र यसका लागि आवश्यक सङ्गठनात्मक व्यवस्थापनलाई तत्काल तीव्रता दिन आह्वान गर्दछ।

१४. राष्ट्रिय राजनीति चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको यस समयमा हाम्रो पार्टीको काँधमा अत्यन्त ठूलो जिम्मेवारी छ भन्ने कुराप्रति नेकपा (एमाले) संवेदनशील र सजग छ। महाधिवेशन मुलुकको सबैभन्दा ठूलो, सर्वाधिक लोकप्रिय पार्टी र प्रमुख प्रतिपक्षको नाताले राष्ट्रिय हितको रक्षा र राष्ट्रियतालाई सुदृढ गर्न, संविधानको रक्षा र यसको सही कार्यान्वयन गर्न, संवैधानिक र लोकतान्त्रिक प्रक्रिया पथविचलित हुन नपाओस् भन्ने सुनिश्चित गर्न र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा साकार पार्न आगामी दिनमा अझ बढी प्रभावकारी भूमिका खेल्ने सङ्कल्प गर्दछ। जनताको जनादेशसहित छिटै राज्यको नेतृत्वदायी भूमिकामा स्थापित हुने र उक्त जनादेशलाई सामाजिक-आर्थिक रूपान्तरण र समृद्धिका लागि समर्पित गर्ने विश्वास व्यक्त गर्दछ। पार्टीलाई अग्रगामी रूपान्तरणको नेतृत्वदायी तथा निर्णायक शक्तिका रूपमा स्थापित गर्नका लागि वैचारिक रूपमा अझ सुस्पष्ट, सङ्गठनात्मक रूपमा थप व्यवस्थित र सुदृढ, भावनात्मक रूपमा अझ आत्मीय तथा अनुशासित पार्टीका रूपमा स्थापित गर्ने सङ्कल्प गर्दछ।

१५. दक्षिणपन्थी अवसरवाद कम्युनिष्ट आन्दोलनको मुख्य चुनौतीका रूपमा देखा परेको छ। जनताको अभिमतलाई लगेर प्रतिक्रियावादका पाउमा चढाउने, राजनीतिक स्थायित्वलाई भत्काउने, जनविरोधी शक्तिसँग साँठगाँठ गर्न्ने र व्यक्तिगत / गुटगत स्वार्थका लागि कम्युनिष्ट आन्दोलनको भविष्यमाथि नै प्रहार गर्ने यस अवसरवादलाई वैचारिक/राजनीतिक रूपमा परास्त गर्नु जरूरी छ। त्यसरी नै, पार्टीभित्रका सामान्य र स्वाभाविक मतान्तरहरूलाई कटुतापूर्ण स्वरूप दिने, पार्टीमा स्थायी गुट निर्माण गर्ने र व्यक्तिगत स्वार्थका लागि पार्टीका विधि, पद्धति र बृहत्तर हितलाई लत्याउने सङ्गठनात्मक अराजकता सुदृढ पार्टी निर्माणको मुख्य बाधक हो। यिनलाई पराजित गर्दै जबजको मार्गदर्शनमा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्नु अहिलेको हाम्रो मुख्य दायित्व हो। दसौं राष्ट्रिय महाधिवेशन विधान महाधिवेशनबाट पारित 'दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकतालाई पराजित गरौं, जबजको मार्गदर्शनमा समाजवादको आधार निर्माण गरौं' भन्ने मूल नाराको मर्मलाई आत्मसात गर्दै बलियो पार्टी निर्माण र समृद्ध राष्ट्र निर्माणको अभिभारालाई सँगसँगै अगाडि बढाउने सङ्कल्प गर्दछ।

१६. केही व्यक्तिहरूका निहित स्वार्थ र दुराशयका कारण राजनीतिक स्थायित्वलाई भत्काएर मुलुकलाई पुनः अस्थिरतातिर धकेल्ने प्रयाश भइरहेको छ। तसर्थ यो महाधिवेशन राजनीतिक स्थायित्व र बलियो राष्ट्रिय शक्ति निर्माणका लागि छरिएर रहनु भएका सबै सच्चा वामपन्थी, लोकतान्त्रिक तथा देशभक्त कार्यकर्ताहरूलाई सबै खाले भ्रम, अन्यौल र द्विविधाबाट मुक्त भएर नेकपा (एमाले) मा आबद्ध हुन आह्वान गर्दछ।

१७. महाधिवेशनको उद्घाटन समारोहमा अभूतपूर्व सङ्ख्यामा सहभागी भएर हामीलाई उच्च मनोबल प्रदान गर्नु हुने सबै दाजुभाइ दिदीबहिनीहरूमा दसौं राष्ट्रिय महाधिवेशन हार्दिक आभार व्यक्त गर्दछ। कार्यक्रममा उपस्थित भएर हामीलाई शुभकामना दिनु हुने स्वदेशी तथा विदेशी अतिथिहरू, शुभकामना सन्देश पठाउनु हुने मित्र पार्टीहरू, चितवन जिल्ला कमिटी सहित चितवनका सबै कमरेडहरू, महाधिवेशनलाई व्यापक रूपमा प्रसार-प्रसार गरिदिनु हुने सञ्चारमाध्यमहरू, अहोरात्र खट्नु हुने स्वयंसेवक, स्वास्थ्यकर्मी र सुरक्षाकर्मीहरू, कलाकार तथा संस्कृतिकर्मीहरू, विद्युतीय मतदान मेशिन उपलब्ध गराउनु हुने मित्रहरू, हामीलाई न्यानो आतिथ्य दिनु हुने सौराहा र चितवनका अन्य सहरका पर्यटन/होटल व्यवसायीहरू एवं पार्टीलाई विभिन्न ढङ्गले सहयोग गर्नु हुने सबै महानुभावहरूप्रति हार्दिक आभार र कृतज्ञता ज्ञापन गर्दछ।

## यस्तो छ एमालेको नयाँ टिम

**अध्यक्ष**
केपी ओली

**वरिष्ठ उपाध्यक्ष**
ईश्वर पोखरेल

**उपाध्यक्ष**
अष्टलक्ष्मी शाक्य, सुरेन्द्र पाण्डे, सुवासचन्द्र नेम्वाङ, युवराज ज्ञवाली, विष्णु पौडेल, रामबहादुर थापा

**महासचिव**
शंकर पोखरेल

**उपमहासचिव**
पृथ्वी सुब्बा गुरूङ, प्रदीप ज्ञवाली, विष्णु रिमाल

**सचिव**
गोकर्ण विष्ट, योगेश भट्टराई, पद्माकुमारी अर्याल, छविलाल विश्वकर्मा, टोपबहादुर रायमाझी, लेखराज भट्ट, रघुवीर महासेठ

**खुला केन्द्रीय सदस्य**
अग्नि खरेल, अच्युत मैनाली, अरूण नेपाल, कपिलदेव पोखरेल, कमल चौलागाई, कर्णबहादुर थापा, काशीनाथ अधिकारी, किरण गुरूङ, किरण पौडेल, किशोरविक्रम मल्ल, कुमार दसौंदी, कृष्णगोपाल श्रेष्ठ, कृष्णप्रसाद दाहाल, कृष्णप्रसाद पौडेल, कृष्णबहादुर थापा, खगराज अधिकारी, खड्गबहादुर खड्का, खिमलाल भट्टराई, गणेश पहाडी, गणेश ठगुन्ना, गिरिधारीलाल न्यौपाने, गुरू बराल, गोकुल बास्कोटा, गोरखबहादुर बोगटी, गोविन्द थापा, घनश्याम पाण्डे, घनश्याम भुसाल, चेतनारायण आचार्य, चन्द्रबहादुर खड्का, जगन्नाथ थपलिया, जीवन घिमिरे, झपट रावल, ठाकुर गैरे, राजन भट्टराई, दधिराम न्यौपाने, दयालबहादुर शाही, दल रावल, दिवाकर देवकोटा, देवराज घिमिरे, देवी ज्ञवाली, देवेन्द्र दाहाल, नरबहादुर धामी, नवराज रावत, नारायण सिलवाल, निर्मल भट्टराई, पठानसिंह बोहरा, परशुराम मेघी गुरूङ, पार्वत गुरूङ, पुरूषोत्तम पौडेल, प्रकाश शाह, बलराम अधिकारी, बालकृष्ण ढुंगेल, भानुभक्त ढकाल, भीम आचार्य, भीम कार्की, भीम रावल, मणि थापा, मनोजजंग थापा, महेश बस्नेत, माधव अर्याल, यज्ञराज सुनुवार, यमलाल कँडेल, रघुजी पन्त, रविन कोइराला, रवीन्द्र अधिकारी, राजबहादुर बुढा, राम राना, राजीव पहारी, रामशरण बस्नेत, रामेश्वर फुयाँल, राजेन्द्र गौतम, रोमनाथ ओली, लक्ष्मणराज ज्ञवाली, लक्ष्मी पोखरेल, विनोद ढकाल, शिवराज सुवेदी, शेरबहादुर तामाङ, शेरधन राई, श्रीप्रसाद जगेबु, सन्जीव झा, सूर्य ढकाल, सूर्य थापा, सोम मिश्र, हिक्मत कार्की

**खुला महिला (निर्विरोध)**
१. अम्बिका थापा, २. इन्दु कडरिया, ३. उषाकिरण तिम्सिना, ४. श्रीमाया थकाली, ५. कोमल वली, ६. गीता अधिकारी, ७. गोमादेवी आचार्य, ८. गौरीकुमारी वली, ९. जानुका सिम्खडा, १०. टुका हमाल, ११. डा. शिवमाया तुम्बाहाङ्फे, १२. तुलसाकुमारी दाहाल, १३. थममाया थापा, १४. दक्षिणा शाही, १५. दीपा शर्मा, १६. नवीना लामा, १७. निरू दर्लामी कुँवर, १८. निरूदेवी पाल, १९. निर्मला देवकोटा, २०. प्रतीक्षा तिवारी, २१. प्रभा बराल, २२. बालिका गिरी, २३. विमला घिमिरे, २४. बुधनीदेवी महतो, २५. भगवती चौधरी, २६. भारती पाठक, २७. भगवती न्यौपाने, २८. मनकुमारी जिसी, २९. ममता गिरी, ३०. मीना उप्रेती, ३१. मैनाकुमारी भण्डारी, ३२. लक्ष्मी गौतम, ३३. लीलाकुमारी भण्डारी ३४. विद्या भट्टराई ३५. विना राई ३६. विन्दा ढुंगाना ३७. विन्दा पाण्डे ३८. शर्मिला कार्की ३९. शान्ता चौधरी ४०. शान्तिदेवी ढकाल ४१. शोभा ज्ञवाली ४२. सम्झना देवकोटा ४३. सकुन्तला बस्नेत ४४. सरस्वती बस्नेत ४५. सरिता न्यौपाने ४६. सीता गिरी वली ४७. सीता न्यौपाने ४८. सीता पौडेल ४९. सिर्जना काफ्ले ५०. सीताकुमारी सुन्दास ५१. सुजिता शाक्य ५२. सुनिता बराल ५३. सुशीला नेपाल

**मधेशी खुला**
जगदीशप्रसाद कुसियैत, रामलाल शाह, कुन्दन कुशवाहा, गंगाप्रसाद यादव, प्रमोदनारायण यादव, रामचन्द्र मण्डल, सरोजकुमार यादव, हरिनारायण महतो, प्रभु हजारा, पशुपति दयाल मिश्र, राजकुमार गुप्ता, मोतीलाल दुगड, सुशीलकुमार श्रीवास्तव

**मधेशी महिला**
जुलीकुमारी महतो, ज्वालाकुमारी साह, शीला यादव, कमलादेवी महतो, सरिताकुमारी गिरी( यादव), रीतादेवी साह

**जनजाति खुला**
हरिबहादुर राई, हरिबहादुर राजवंशी, सीपी घर्ती, विद्यासुन्दर शाक्य, लिलबहादुर थापामगर, पासाङ शेर्पा, दावा तामाङ, दलबहादुर राना, डा. अजय क्रान्ति शाक्य, डम्बरसिं सम्बाहम्फे, टेकबहादुर बलम्पाकी, जमिन्द्रमान घले, गोकुलप्रसाद घर्तीमगर, खगेन्द्र राई, केशव स्थापित, कमलजंग राई, आइन्द्रसुन्दर नेम्बाङ

**जनजाति महिला**
उर्मिला थेबे, सूर्यकुमारी श्रेठ, अमृता सुब्बा, सवित्रा राना, तारादेवी राई, ईश्वरी जीएम, टासी स्याङ्बो गुरूङसेनी, जुनेलीमाया श्रेष्ठ

**थारू खुला**
बैजनाथ चौधरी, नरूलाल चौधरी, गौरीशंकर चौधरी, कृपाराम राना, बलवीर चौधरी, जयप्रकास थारू

**थारू महिला**
गंगा चौधरी सतगौंवा, मन्जुकुमारी चौधरी

**मुस्लिम खुला**
तैयव हुसेनमियाँ, मोहम्मद हलुवाई हारून, सिराज अहमद फारूकी, महम्मद समिर, मुस्लिम महिला, साजिदा सिद्धिकी

**उपत्यका विशेष**
माधव ढुंगेल

**महिला (उपत्यका विशेष)**
विनाकुमारी श्रेष्ठ

**सम्पर्क समन्वय**
नरेन्द्र श्रेष्ठ

**महिला (सम्पर्क समन्वय)**
कल्पना थापा

**दलित खुला**
रामदयाल मण्डल, ईश्वरी रिजाल, बमबहादुर विश्वकर्मा, पुरनसिंह दयाल, गोविन्दबहादुर नेपाली, जितु गौतम दर्जी, जंगबहादुर नेपाली, रामप्रित राम

**दलित महिला**
शिवकुमारी गोतामे सार्की, रामरतीदेवी राम, विष्णुमाया विक, सविता रसाइली

**पिछडिएको क्षेत्र,**
भैरवसुन्दर श्रेष्ठ, लालबहादुर थापा, मोहन बानियाँ

**महिला पिछडिएको क्षेत्र**
बदमिक्वारा बुढा

**श्रमिक**
विनोद श्रेष्ठ, रमेश बडाल, कमल गौतम, बाबुराम थापा

**श्रमिक (महिला)**
मन्जुकुमारी थापामगर, सीता लामा

**भौगोलिक (प्रदेश १)**
तिलकुमार मेन्याङबो, टंक आङ्बोहाङ, किशोर अधिकारी, बसन्तकुमार नेम्बाङ, राजेन्द्रकुमार राई, परशुराम अधिकारी

**प्रदेश १ (महिला)**
मेनका काफ्ले, मन्जु भण्डारी, उषाकला राई,

**प्रदेश २ खुला**
अरविन्दकुमार साह, उपेन्द्र साह, प्रभु साह, लिलानाथ श्रेष्ठ, राजकुमार लेखी, सुमन प्याकुरेल

**महिला (प्रदेश २)**
कल्पनाकुमारी कटुवाल, रेखाकुमारी झा, रञ्जना सरकार

**बागमती (खुला)**
कृष्णकुमार राई, कैलाश ढुंगेल, खेमप्रसाद लोहनी, रामेश्वर रानामगर, आनन्दप्रसाद पोखरेल, सरेश नेपाल

**महिला (बागमती)**
रचना खड्का, पेम्बा लामा, पार्वती रावल

**गण्डकी (खुला)**
मायानाथ अधिकारी, तिलकबहादुर महत, भूपेन्द्रबहादुर थापा, इन्द्रलाल सापकोटा, टुकराज सिग्देल, जगत विश्वकर्मा

**महिला (गण्डकी)**
नरदेवी पुनमगर, सीमाकुमारी क्षेत्री, मीनाकुमारी गुरूङ

**लुम्बिनी (खुला)**
लीला गिरी, खेममान खड्का, नवीन रोक्का मगर, दिनेश पन्थी, भुमिश्वर ढकाल, हरि रिजाल

**महिला (लुम्बिनी)**
सरिता खनाल(भुसाल), सावित्रा अर्याल, मेनका पोखरेल

**कर्णाली (खुला)**
धर्मराज रेग्मी, निरज आचार्य, गुलाबजंग शाह, विष्णु रिजाल, डम्बरबहादुर सिंह, नेशनल शाही

**महिला (कर्णाली)**
तीर्था गौतम, मीनासिंह रखाल, मोहनमाया ढकाल(भण्डारी)

**सुदूरपश्चिम (खुला)**
राजेन्द्रसिंह रावल, भैरवबहादुर सिंह, झपटबहादुर बोहोरा, नारदमुनी राना, लीलाधर भट्ट, अफिलाल ओखेडा

**महिला (सुदूरपश्चिम)**
कमलाकुमारी ओली, कुमारी कमला बोहरा, सन्तोष शर्मा थापा

## मधेश अपडेट

### 'अब थरूहट-थारूवान पनि कब्जा गर्छौं'

कैलाली। प्रेस जनमत संघका केन्द्रीय अध्यक्ष एवं केन्द्रीय परिवेक्षक बीपी साहले जनमत पार्टीले पूर्वी मधेश कब्जा गरिसकेको बताउँदै अब थरूहट-थारूवान पनि कब्जा गर्ने दाबी गरेका छन्। शनिबार जोशीपुरको रामनगर बञ्जरियामा भएको जनमत पार्टीको प्रथम नगर अधिवेशनलाई सम्बोधन गर्दै जनमत पार्टीनिकट प्रेस जनमत संघका अध्यक्ष साहले यस्तो दाबी गरेका हुन्। नगर अधिवेशनको अवसरमा प्रमुख अतिथि साहले थरूहट-थारूवानमा पनि जनमत पार्टी बलियो भएर आउने बताएका छन्। थारूहरूको पहिचान र अधिकारको लडाईमा अन्य पार्टीभन्दा जनमत पार्टी अगाडि रहेको साहको दाबी छ। उनले भने,'जनमत पार्टीले पूर्वी मधेश कब्जा गरिसकेको छ, अब थरूहट-थारूवान पनि कब्जा गर्नेछ। यहाँको नेतृत्व थारूहरूले नै गर्नेछ। जनमत पार्टीले थारूहरूलाई कार्यकर्ता होइन नेता बनाउँदैछ।' कैलालीस्थित जोशीपुर गाउँपालिकाको नगर समिति अध्यक्षमा गणेश डंगौरा निर्वाचित भएका छन्। यसैगरी उपाध्यक्षमा जुगरानी डंगौरा, सचिवमा राजकुमार डंगौरा र कोषाध्यक्षमा राजकुमारी चौधरी निर्वाचित भएका छन्।

### लुम्बिनी प्रदेश महामन्त्रीमा आचार्यको उम्मेद्वारी

कपिलवस्तु। नेपाली कांग्रेसको १४औं महाधिवेशन कार्यक्रमअन्तर्गत लुम्बिनी प्रदेश महामन्त्रीको पदमा सुरेन्द्रराज आचार्यले उम्मेद्वारी दिने घोषणा गरेका छन्। तौलिहवामा आयोजित कार्यक्रममा आचार्यले आसन्न प्रदेश महामन्त्रीमा आफूले उम्मेद्वारी दिने जानकारी गराएका हुन्। २ पटकसम्म कपिलवस्तु जिल्लाको सभापतिको जिम्मेवारीसमेत आर्चायले सम्हालिसकेका छन्। उनी पूर्वसिंचाइ राज्यमन्त्रीसमेत हुन्। १२ वटा जिल्लाका पार्टीका कार्यकर्ताहरूलाई सहयोग तथा एकजुट बनाइ पार्टीलाई एकताबद्ध बनाइ काम गर्नका लागि आफ्नो उम्मेद्ारी दिने बताए। प्रदेशका सबै जिल्लामा पुगेर संगठन निर्माण गर्न तथा आसन्न तीनवटै तहको निर्वाचनमा प्रदेशमा नेपाली कांग्रेसलाई पहिलो पार्टी बनाउन आफूले महामन्त्री बन्न लागेको बताए। कपिलवस्तुमा पार्टी सभापति हुँदा विभिन्न जिल्ला तथा केन्द्रमा हुने आन्दोलनमा अग्रपंक्तिमा काम गर्दै आचार्यले अब सम्रग प्रदेशको विकास र पार्टीलाई क्रियाशील बनाउने बताए। जिल्ला सभापति हुँदा कपिलवस्तुमा पार्टी कार्यालय निर्माण, स्थानीय तहको निर्वाचमा धेरै स्थानीय तहमा पार्टीका उम्मेद्वारलाई विजयी बनाउने तथा जिल्ला समन्वय समितिमा सबै कांग्रेसका उम्मेद्वारलाई निर्वाचित बनाउन आचार्य सफल भएका थिए। प्रदेशमा रहेका १२ वटै जिल्लामा घुम्दा कार्यकर्ताहरूले संगठनमा बसेर काम गर्न आग्रह गरेको कारण आफूले उम्मेद्वारी दिन लागेकोसमेत आचार्यले बताए।

### दलहरू चुनावको तयारीमा : प्रचण्ड

रूपन्देही। नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सबै दलहरू आउने चुनावको तयारीमा लागेका बताएका छन्। उनले मुलुक निर्वाचनमा होमिएको बताए। मंगलबार बुटवलमा माओवादी केन्द्रका रूपन्देही जिल्ला इन्चार्ज एवं केन्द्रीय नेता रामप्रसाद बञ्जाडे (टंकमणी)को शोक सभा कार्यक्रममा यस्तो बताएका हुन्। उनले दलहरूको महाविधेशनको माहोल देखिएपनि ती सबै चुनावको तयारी जस्तै बनेको उनले बताए। आएका अध्यक्ष दाहालले लोकतन्त्रको लागि चुनाव महत्वपूर्ण भएको बताए। 'तर, चुनाव स्वच्छ, निष्पक्ष, धाँधलीरहित र जनताको सहज पहुँचमा हुनुपर्नेमा सबै राजनीतिक दलको ध्यान जानुपर्छ,' उनले भने। 'सबै दलका सभा, सम्मेलन र महाधिवेशनहरू सबै आउने चुनावको तयारी जस्तै बनेका छन्,' उनले भने, 'तर, चुनाव स्वच्छ, निष्पक्ष, धाँधलीरहित र जनताको सहज पहुँचमा पुर्‍याउन राजनीतिक दलहरूले पनि आपसी समझदारी र सहकार्य गरेर अघि बढ्नु जरूरी छ।' देशलाई राजनीतिक स्थायित्व, विकास र सम्बृद्धितिर लैजानु सबै राजनीतिक दलको दायित्व भएको पनि उनले बताए।

### 'सामाजिक रूपानन्तरण पहिलो प्राथमिकता'

जनकपुरधाम। प्रदेश नं. २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले प्रदेश २ सरकार सामाजिक रूपान्तरणको पहलमा अब्बल रहेको बताएका छन्। नेपाली सेना स्टाफ कलेजका शिक्षार्थी अधिकृतहरू मुख्यमन्त्री निवासमा आयोजित अन्तरक्रिया कार्यक्रममा मुख्यमन्त्री राउतले सामाजिक संरचनाकै कारण अधिकांश क्षेत्रमा पछि परेको प्रदेशलाई समय सापेक्ष प्रतिस्पर्धी बनाउन प्रदेश सरकार सामाजिक रूपान्तरणलाई पहिलो प्राथमिकताका राखेको बताए। सामाजिक रूपान्तरणका लागी प्रदेशले चालेका कदमहरू अन्य प्रदेशको तुलनामा अब्बल रहेको उनको दावी थियो। मुख्यमन्त्री राउतले समाजमा पछि पारिएका महिला, दलित, मुस्लिम लगायतका समुदायलाई राज्यको मुल स्ट्रिममा ल्याउन सरकारले शुरू गरेको योजनाहरूबारे स-विस्तार जानकारी गराएका थिए। सामाजिक रूपान्तरणका लागि चालिएका कदमहरू बेटी पढाउ बेटी बचाउ, स्वच्छता अभियान, दलित सशक्तिकरण ऐन, जनसंख्याको अनुपातमा सरकारी निकायहरूमा आरक्षणको व्यवस्था लगायतहरू रहेको उनको कथन थियो। कार्यक्रममा नेपाली सेनाका शिक्षार्थी अधिकृतहरूले राखेको जिज्ञासामा मुख्यमन्त्री राउत र मुख्यन्यायधिवक्त दिपेन्द्र झाले आ-आफनो विचार राखेका थिए।

### चुनावी योजना बनाउन कुर्मीको निर्देशन

वीरगन्ज। लोकतान्त्रिक समाजावादी पार्टी नेपालद्वारा पर्सामा चुनाव प्रचार प्रसारमा सांसद सहितका टोलीले संयुक्त रूपमा कार्यकर्ताहरूलाई सशक्त चुनावी योजना बनाउन निर्देशन दिएको छ। पार्टीको शपथ ग्रहण तथा पदस्थापना समारोहमा प्रदेश नं.२ का सांसद रमेश प्रसाद कुर्मीले यसपालिको आउने निर्वाचनका लागि कार्यकर्ताहरूबीच तीव्र अभ्यास अभियानहरूको थालनी गरेका हुन्। आउने चुनावमा पार्टीले भाग लिइ प्रतिस्पर्धामा ओर्लिने पार्टीको धारणा भएको सांसद कुर्मीले बताए। यसपालिको निर्वाचनमा ठूलै पार्टीहरूसँग प्रतिस्पर्धा हुने भएकोले पार्टीलाई चुस्तदुरूस्त बनाई स्वच्छ छवीका कार्यकर्ताहरू निर्माण गर्न कार्यक्रममा आएका महिला तथा पुरूष कार्यकर्ताहरूलाई आग्रह गरेका थिए। वीरगंजको होटल कुमुस प्यालेसमा आयोजित कार्यक्रममा सांसद रमेश प्रसाद कुर्मी, प्रह्लाद गिरी, केन्द्रीय सदस्य शशी कपुर मियाँ, जिल्ला अध्यक्ष पुरूषोत्तम झा, नगर अध्यक्ष ओमप्रकाश, उपाध्यक्ष शेख फिरोज, पार्टीका महिला नेतृ मुन्नी श्रीवास्तव, रम्भा मिश्रा, मालती कुशुवाहा, उषा श्रीवास्तव, पार्टी नेता देवानन्द यादवलगायतको उपस्थिति रहेको थियो।

### जसपा मधेश प्रदेश समितिमा रामबाबु

जनकपुरधाम। जनता समाजवादी पार्टी नेपालको मधेश प्रदेश समितिमा नयाँ नेतृत्वसहितको पदाधिकारी चयन भएको छ। मधेश प्रदेश समितिको अध्यक्ष प्रतिनिधिसभा सदस्य रामबाबु कुमार यादवलाई चयन गरिएको हो। बुधबार बसेको मधेश परिषद्को बैठकले रामबाबुको अध्यक्षतामा ११ पदाधिकारीहरू चयन गरिएको छ भने चार जना पदाधिकारी प्रदेश समितिले नै चयन गरी १५ पदाधिकारी कायम गरिने जनाइएको छ। मधेश प्रदेश समितिका उपाध्यक्षहरू रामप्रित पासवान, शम्भु झा, शेषनारायण यादव, बृजमोहन तिवारी र रामसेवक यादव रहेका छन्। यस्तै, मुख्यसचिव दिनेश कुमार यादव, सचिवत्रय युसुफ अलि, निरा साह र शैलेश कुमार साह र कोषाध्यक्षमा रेणु यादव चयन भएका छन्।

### कांग्रेस मोरङ सभापतिमा डिगबहादुर निर्वाचित

विराटनगर। नेपाली कांग्रेसको मोरङ जिल्ला सभापतिमा डिगबहादुर लिम्बू निर्वाचित भएका छन्। मंगलबार सभापति शेरबहादुर देउवा पक्षका उम्मेद्वार दिलीप गच्छदारलाई भारी मतान्तरले पराजित गर्दै लिम्बू दोस्रो कार्यकालका लागि निर्वाचित भएका हुन्। आइतबार भएको निर्वाचनमा तीन उम्मेद्वारमध्ये कसैले पनि ५१ प्रतिशत मत नल्याएपछि मंगलबार निर्वाचन भएको थियो। निर्वाचनमा तीन हजार ३६० मत खसेको थियो। लिम्बूले एक हजार ९०६ मत प्राप्त गर्दै विजयी भए। गच्छदारले एक हजार ४२२ मत प्राप्त गरे। १३औं अधिवेशनमा देउवा पक्षमा रहेर मोरङ सभापतिमा निर्वाचित भएका लिम्बू १४औं महाधिवेशनमा डाक्टर शेखर कोइराला पक्षबाट निर्वाचन लडेका हुन्।

### टीकापुरमा जनमतको प्रथम नगर अधिवेशन

कैलाली। जिल्लाको टीकापुर नगरपालिकामा जनमत पार्टीको प्रथम नगरअधिवेशन सफलता पूर्वक सम्पन्न भएको छ। सन्तराम डंगौराको अध्यक्षतामा १९ सदस्यीय नगर समिति चयन भएको छ। उपाध्यक्षमा मन्जु चौधरी, सचिवमा अनिता डंगौरा, सहसचिवमा मोहन चौधरी र कोषाध्यक्षमा सविता चौधरी चयन भएका छन्। नेतृ सविता चौधरी, विन्द्र चौधरीलगायत ४९ जना जनमत पार्टीमा प्रवेश गरेका छन्।

17-33, Madheshvani, Mansir-17, 2078.pmd 4 12/3/2021, 11:02 AM

# सुगौली सन्धिसँगै अन्य दस्तावेजको अवस्था के छ ?



**राकेश प्रसाद चौधरी**

राष्ट्रिय जनगणनाको सन्दर्भमा अहिले लिपुलेक, कालापानीसहितका भूभागमा बस्नेहरूको नामावली संकलनमा असमर्थता छ । सुगौली सन्धिमा उल्लेख मेची र काली नदी बीचको क्षेत्र अन्तर्गत काली नदी क्षेत्रको लिपुलेक र कालापानीसहितको भूभाग अहिले भारत अधिनस्त छ । सोही कारण त्यस क्षेत्रमा नेपाली गणकहरूबाट जनगणना हुन सकेको छैन ।

अहिले पुनः सुगौली सन्धिको सक्कलप्रति नेपालमा नरहेको चर्चा शिखरमा छ । यो विषय धेरै पटक चर्चामा आउने र पछि बेबास्ता हुने क्रम जारी छ । राष्ट्रिय महत्वको यो दस्तावेज खोज्न समान्य कर्मकाण्डबाहेक गम्भिरतापूर्वक लिइएको देखिँदैन । हुनतः लण्डनस्थित सरकारी अभिलेखालयमा सन्धिको सक्कलप्रति रहेको सुनिदै आएको छ । यस सन्धिपत्रको उतार अर्थात नक्कललाई आधिकारिता प्रदान गर्ने निकायबारे बहस आवश्यक छ ।

महाराजा गीर्वाणयुद्ध विक्रम शाहसँग सन्धि गर्न २ डिसेम्बर सन् १८१५ मा तयार सुगौली सन्धिको दस्तावेज र नेपालले ४ मार्च २०१६ मा स्विकृत गरेको सुगौली सन्धिको दस्तावेजबारे समेत सोधखोज आवश्यक छ । तर सुगौली सन्धिको दस्तावेज मात्रले अन्तराष्ट्रिय स्तरमा हाल भारतसँग विवादमा रहेको नेपाली क्षेत्रको दावी धेरै मजबुतीका साथ पेश गर्न ग्राहो छ । यस दस्तावेजसँगै काठमाण्डौमा रहेका व्रिटिश प्रतिनिधिसँग सीमारेखा दस्तावेजमा उल्लेखभन्दा दुईकोश दक्षिणसम्म बढाउने ४ मे १८१६ को सहमति पत्र, तराईमा बसोबास गर्नेको हकमा इष्ट इन्डिया कम्पनी सरकारले ८ डिसेम्बर १८१६ मा महाराजालाई पठाएको सक्कल स्मरण पत्र, १ नोभेम्बर १८६० मा कम्पनी सरकारबाट प्राप्त बाँके,बर्दिया, कंचनपुर र कैलाली क्षेत्र अर्थात नयाँ मूलुकबारेको सक्कल पत्रको सार्वजनिकीकरण आवश्यक छ ।

यीसँगै सन् १९२३ मा नेपाललाई कम्पनी सरकारले सार्वभौम मूलुक स्विकार गरेको दस्तावेज नेपाली जनतासमक्ष राखेर र अन्तराष्ट्रियकरण गरिए अतिक्रमित नेपाली भूमिसँग सम्बिन्धित विषयमा अत्याधिक बल पुग्ने देखिन्छ । यी दस्तावेजहरूको सार्वजनिकरणले बास्तविक रूपमा राष्ट्रियताको विषयमा हिमाल, पहाड र तराई मधेशका जनताबीच एकमत कायम गर्नेछ ।

यी दस्तावेजहरूको सार्वजनिकरणले नेपाललाई टुक्राएर अलग देशको सपना देख्नेहरूलाई ठुलो झटका लाग्नेछ । त्यही राष्ट्रियताको सन्दर्भमा नयाँ कथ्य निर्माणमा समेत भूमिका खेल्ने देखिन्छ । राष्ट्रिय महत्वका यस्ता दस्तावेजहरूकै सक्कल पत्रको हवाला दिँदै अलग मधेश देशको लागि वकालत गर्ने सीके राउत मूल राजनीतिक धारमा फर्किसकेको छ भने अन्य समूहहरूको गतिविधि शून्य प्रायः छ ।

सुगौली सन्धिको सक्कल पत्र अथवा उतार पत्र प्राप्त गर्न सफल पश्चात् भारतको अधिनमा रहेको लिपुलेक र कालापानी फिर्ता माँगिए भारतीय पक्षले सन्धिमा नेपालको सीमाना दक्षिणमा भावर क्षेत्रसम्म मात्र रहेको दावी गर्न सक्ने सम्भावना बढ्ने देखिन्छ । तसर्थ सन् १८१५ देखि सन् १९२३ सम्म इष्ट इन्डिया कम्पनीसँग भएको सन्धिपत्र, पत्राचार, स्मरणपत्रसहितका दस्तावेजहरू खोजी गरेर सार्वजनिक गरिनु उचित देखिन्छ । राष्ट्रिय अभिलेखालयमा भएका यस्ता राष्ट्रिय महत्वका दस्तावेजहरू स्वतः सार्वजनिकरण गर्न कानून बाधक नरहेको देखिन्छ । सूचनाको हकसम्बन्धि ऐन २०६४ को धारा २७ (५) मा सूचनाको प्रकृतिअनुसार बढीमा ३० बर्षको अवधिसम्म गोप्य राख्न सकिने तथा २७ (६) मा गोप्य राख्नुपर्ने सूचना गोप्य राख्नुपर्ने वा नपर्ने सम्बन्धमा प्रत्येक १० बर्षमा समितिले पुनरावलोकन गर्ने ब्यबस्था छ । नेपाल सरकारको मुख्य सचिवको अध्यक्षतामा सम्बन्धित मन्त्रालयका सचिव तथा कार्यालय प्रमुख वा अध्यक्षले तोकेको सम्बन्धित विषयको विशेषज्ञ सदस्य रहने ब्यबस्था ऐनमा छ ।

हुनतः यी दस्तावेजहरूको पत्र, सारसंक्षेप, विषयवस्तु, विश्लेषण इन्टरनेटमा खोज्दा एउटा पुस्तक नै तयार हुनेछ । नेपाल सरकारसँग सक्कल पत्र भएको भए प्रष्ट धारणा बनाउन मद्दत मिल्नेछ ।

उदाहरणका लागि सुगौली सन्धिमा दक्षिणी सीमाना भावरसम्म उल्लेख छ भने नेपालका महाराजालाई त्यसपछि पठाइएको स्मरणपत्रमा कम्पनि सरकारले तराईका बासिन्दाबारेको धारणा लेखेको छ । यस्ता थुप्रै अस्पष्टता सक्कल पत्र भए हटाउन सम्भव हुने देखिन्छ ।

राष्ट्रिय महत्वका दस्तावेजहरू राष्ट्रिय अभिलेखालय अथवा अन्य कुनै निकायमा भए मात्र सूचनाको हकसम्बन्धि ऐन प्रभावकारी हुने देखिन्छ । यदी ती दस्तावेजहरू नेपाल सरकारसँग नभएको खण्डमा नेपाली नागरिकलाई आह्वान गर्न सकिन्छ । त्यही यस खोजकार्यका लागि अन्तराष्ट्रिय क्षेत्रबाट समेत सहयोग आह्वान गर्नु आवश्यक छ । यस खोज कार्यका लागि उच्चस्तरीय विषयगत समिति तत्काल गठन गरेर खोजकार्य अगाडि बढाउन आवश्यक छ ।

राष्ट्रिय महत्वका यस्ता दस्तावेजहरू सार्वजनिक र खोजकार्य अगाडि नबढाइए भारत अधिनस्त रहेको लिपुलेक र कालापानीसहितको क्षेत्र फिर्ता लिने विषय चुनावी नारामा मात्र केन्द्रित रहेको आरोपबाट कुनै पनि राजनीतिक दल मुक्त हुने अवस्था छैन ।


**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**पुल महाशाखा**

**जानकारीमूलक सूचना**

१. पुलहरूमा जथाभावी दिसा-पिसाब र फोहोर नफालौं । यसले पुलको आयु घटाउँछ ।

२. पुलको तलमाथि खोलाबाट बालुवा, ठिट्टी, ढुंगा, माटो आदि झिक्दा पुल भत्किन सक्छ । पुलको ५०० मिटर तलमाथि माटो, बालुवा पानी नझिकौं ।

३. पुलमाथि सकभर सीमित गतिमा सवारी चलाउने बानी बसालौं ।

४. मानव शरीरमा रहेको रक्त स्नायु तन्त्रस्तै पुल सडकको अभिन्न अंग हो । एक ठाउँमा रक्तनली काटिन जाँदा पक्षघात भएजस्तै पुल भत्किन जाँदा सडक उपयोगहीन हुन्छ र मानव जीवन अस्तव्यस्त हुनसक्छ ।



- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

**प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**प्रदेश नं. २, धनुषा, नेपाल**
इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### १२ पालिकामा माओवादीको अधिवेशन सम्पन्न

रौतहट । रौतहटका १२ स्थानीय तहमा माओवादी केन्द्रको पालिकास्तरीय अधिवेशन सम्पन्न भएको छ । जिल्लाका १८ स्थानीय तहमध्ये १२ ओटामा अधिवेशन सम्पन्न भएको हो । ६ वटा स्थानीय तहमा सहमति हुन नसकेका कारण अर्को सूचना नआएसम्मका लागि अधिवेशन स्थगित गरिएको माओवादी जिल्ला संयोजक देवेन्द्र पटेलले बताएका छन् ।

### रूपन्देही सभापतिमा बालकृष्णका भाइ रामकृष्ण

रूपन्देही । सत्तारूढ नेपाली कांग्रेस रूपन्देहीको सभापतिमा गृहमन्त्री बालकृष्णका भाइ रामकृष्ण खाँण निर्विरोध निर्वाचित भएका छन् । सभापति पदमा संस्थापन समूहका खाँणको एकल उम्मेदवारी परेपछि उनी निर्विरोध सभापतिमा निर्वाचित भएको जनाइएको छ । खाँण यसअघि जिल्ला सचिव थिए । यस्तै, उपसभापतिमा पौडेल पक्षका थानेश्वर घिमिरे र डा. अनिता शाह निर्विरोध भएका छन् । अनिता भरत शाहकी श्रीमती हुन् । सचिवमा हरि काफ्ले र परमानन्द भट्टराई तथा सहसचिवमा विष्णु थापा र बासु रिमाल निर्विरोध निर्वाचित भएको जिल्ला निर्वाचन समितिले जनाएको छ ।

### 'कम्युनिष्ट एकता होस्'

चितवन । नेकपा एमालेको जारी १०औं महाधिवेशनको बन्दसत्रमा भारतीय कम्युनिष्ट पार्टीका नेता जोगिन्दर सिंहले कम्युनिष्ट एकता आवश्यक रहेको बताएका छन् । शनिबार बन्दसत्रमा सम्बोधन गर्दै उनले अमेरिकी साम्राज्यवाद साउथ एसियामा कम्युनिष्ट समाप्त पार्न चाहने र यसका लागि भारतसमेत उपयोग भएको बताएका हुन् । उनले भने, 'महाधिवेशनबाट मजबुत नेतृत्व आओस् । कम्युनिष्ट आन्दोलन एकजुट होस् । कम्युनिष्ट एकता होस् ।' दुनियाँले नेपालको कम्युनिस्ट आन्दोलनलाई हेरिरहेको र नेपालमा पहिलो पटक कम्युनिष्टलाई दुई तिहाइ मत आएकोमा उनले खुसी व्यक्त गरे । उनले नेपालको कम्युनिस्ट आन्दोलनबाट प्रेरणा मिल्ने गरेको पनि बताए ।

### धनुषामा आगलागीबाट ५१ लाखको क्षति

धनुषा । जिल्लाको मुखियापट्टी मुसहरनिया गाउँपालिका-५ बेला बस्ने आशिष यादवको कच्ची घरमा आगलागी हुँदा लाखौंको धनमाल क्षति भएको छ । बिहीबार राति आगलागी हुँदा घर, सुनचाँदी, अन्नपात, नगदसमेत जलेर करिब ५० लाख ९७ हजार ५ सय रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । प्रहरी, स्थानीय बासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### ट्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु

धनुषा । मिथिला नगरपालिका-२ नक्टाझिजस्थित खोलाबाट बालुवा ल्याउने क्रममा ज.१ त ४१७२ नम्बरको ट्याक्टर अनियन्त्रित भई दुर्घटना हुँदा एक युवकको मृत्यु भएको छ । शुक्रबार बिहान दुर्घटना हुँदा ट्याक्टर चालक क्षिरेश्वरनाथ नगरपालिका-७ दुर्गा टोल बस्ने २५ वर्षीय फेकन महतोको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको उपचारको लागि प्रादेशिक अस्पताल जनकपुरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

### आमा र बहिनीको कुटाइबाट एक जनाको मृत्यु

विराटनगर । कटहरी गाउँपालिका-५ बस्ने ४० वर्षीय राजेन्द्र उराउको आफ्नै आमा र बहिनीको कुटपिटबाट मृत्यु भएको छ । मादक पदार्थ सेवन गरेका राजेन्द्र र उनकी आमा ५५ वर्षीया बातियो उराउबीच शनिबार साँझ घरायसी विवाद भएको थियो । विवादका क्रममा आमा बातियो र बहिनी ३० वर्षीया रिता उराउले बाँसको लाठीले प्रहार गर्दा गम्भीर घाइते भएका थिए । उनको नोवेल अस्पताल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । घटनाको खबर प्राप्त हुनासाथ खटिएको प्रहरीले कुटपिट गर्ने बातियो र रितालाई नियन्त्रणमा लिई यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### कापी उद्योगमा आगलागीबाट ४० लाखको क्षति

रूपन्देही । बुटवल उपमहानगरपालिका-१३ बेलबास शान्ति चोकस्थित हरिकृष्ण घिमिरेको अमृत कापी उद्योगमा आगलागी भएको छ । विद्युत सर्ट भई शनिबार दिउँसो आगलागी हुँदा उद्योगमा रहेको मेशिन र पेपर जलेर करिब ४० लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । प्रहरी, स्थानीय बासिन्दा र दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### बसको ठक्करबाट युवकको मृत्यु

कपिलवस्तु । वाणगंगा नगरपालिका-७ बनगाईस्थित सकडमा लु.२ ख ५८२२ नम्बरको बसले लु.७८ प ६१४८ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा एक युवकको मृत्यु भएको छ । बसले आइतबार साँझ ठक्कर दिँदा मोटरसाइकल चालक सोही नगरपालिका-६ बस्ने २१ वर्षीय मनोज थारूको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको एडमन्ट सिटी अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । घाइते भएका मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने २३ वर्षीय संजय थारूको सोही अस्पतालमा उपचार भइरहेको छ । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### करेन्ट लागेर कर्मचारीको मृत्यु

रूपन्देही । बुटवल उपमहानगरपालिका-४ स्थित सोही उपमहानगरपालिकाको निर्माणाधिन भवनमा बिद्युतको पोलबाट लाईन बिस्तार गर्ने क्रममा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । करेन्ट लागेर विद्युत प्राधिकरणका कर्मचारी अर्घाखाँची सन्धिखर्क नगरपालिका-१ घर भएका ४७ वर्षीय बसन्त भुषालको आइतबार दिउँसो मृत्यु भएको हो । करेन्ट लागेर गम्भीर घाइते भएका उनको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । करेन्ट लागेर घाइते भएका सोही निर्माणधिन भबनमा काम गर्ने रूपन्देही सम्मरीमाई गाउँपालिका घर भएका २८ वर्षीय जितेन्द्र लोध लगायत २ जनालाई उपचारको लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवल पठइएको छ ।

### ट्रकको ठक्करबाट बाबुछोराको मृत्यु

रूपन्देही । जिल्लाको सिद्धार्थनगर नगरपालिका-७ बर्मेली चोकमा ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा बाबुछोराको मृत्यु भएको छ । ग.११ प ५४४४ नम्बरको मोटरसाइकललाई ना.३ ख ३८६० नम्बरको ट्रकले शनिबार राति ठक्कर दिँदा मोटरसाइकल चालक स्याङजा चापाकोट नगरपालिका-१० किसान बस्ने ५३ वर्षीय गितानाथ खनाल र मोटरसाइकलमा सवार उनकै छोरा १३ वर्षीय सुदिप खनालको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको मेडिकल कलेज भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### आगलागीबाट १० लाखभन्दा बढीको क्षति

विराटनगर । जिल्लाको कानेपोखरी गाउँपालिका-२ ढोडुखा बस्ने नारायण प्रसाद चौलागाईको गोठमा आगलागी हुँदा १० लाखभन्दा बढीको क्षति भएको छ । बिजुली सर्ट भई सोमबार राति आगलागी हुँदा गोठभित्र रहेका गाई, बाखा, अन्नपात, काठपात गरी करिब १० लाख १५ हजार रूपैयाँ बराबरको धनमाल नष्ट भएको प्रहरीले जनाएको छ । आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### लागूऔषधसहित दुई जना पक्राउ

रौतहट । गौर नगरपालिका-३ स्थित अनिल मिट हाउसबाट ३ हजार पिस नियन्त्रित लागूऔषध नाइट्राभेटसहित दुई जना पक्राउ परेका छन् । सोही नगरपालिका-४ टिकुलिया बस्ने २४ वर्षीय टिन्कु कुमार सिंह लगायत २ जनालाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त लागूऔषध सहित फेला पारी उनीहरूलाई पक्राउ गरेको हो ।

# १११ वर्ष पूरानो छात्रावास पुनर्निर्माणका लागि दाताको खोजी

राकेश प्रसाद चौधरी

मटिहानी । प्रदेश नं. २ को मटिहानी नगरपालिका ७ मा अवस्थित ३०३ वर्ष पूरानो संस्कृत पाठशालामा १११ वर्ष अगाडि बनाइएको छात्रावास भत्किएपछि पुनर्निर्माणका लागि दाताको खोजी हुन थालेको छ ।





तत्कालीन समयमा नागर शैलीमा बनाइएको भवन २०७२ सालको भुकम्पमा कमजोर भई यस वर्षको मूसलधारे वर्षाले भत्किएको राजकीय संस्कृत माध्यमिक विद्यालयका प्रधानाध्यापक ईश्वरी पौडेलले बताए ।

छात्रावास निर्माणका लागि प्रयोग भएको ईटामा स्थान मटिहानी छापिएको थियो भने सुर्खी, चुना र गुड मिलाएर बनाइएको मसालाबाट तयार गरिएको थियो ।

राजा त्रिभुवनले जिम्मेवारी सम्हालेको एक महिना नबित्दै मटिहानीको संस्कृत पाठशालामा अध्ययन गर्नेमध्ये ५४ ब्राम्हण बटुकका लागि छात्रावास निर्माण गर्ने आदेश भएको थियो ।

राजा त्रिभुवन पाँच वर्षको मात्र भएकोले शासनभार दिव्येश्वरी लक्ष्मी देवीको हातमा थियो भने कार्यकारी अधिकार प्रधानमन्त्री चन्द्र शम्शेर जबराकले सम्हालेका थिए ।

इतिहासकार महेशचन्द्र रेग्मीको अनुसन्धानपत्रमा समेत यस छात्रावासको बारेमा चर्चा गरिएको छ । सन् १९७५ मा प्रकाशित अनुसन्धानपत्र अनुसार राजा त्रिभुवनले ५४ ब्राम्हण बटुकलाई छात्रावास एवं भोजनका लागि वार्षिक ४ हजार १ सय ५० भारतीय रूपैयाँ आम्दानी हुने खेसराहाको जग्गा गुठी बन्दोबस्त गरेका थिए ।

सय वर्ष नाघिसकेको भवनलाई पुरातात्विक महत्वको मान्ने प्रावधान अनुरूप पुरातत्व विभाग, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश सरकार, युनेस्को एवं हिमानी ट्रष्टलाई भवन पुनर्निर्माणको काम पूरानै नागरशैलीमा गराइदिनका लागि अनुरोध गरेको प्रधानाध्यापक पौडेलले बताए ।

# ‘प्रजातन्त्रको विशेष सन्दर्भमा शासनमा संविधानको सान्दर्भिकता’बारे छलफल

वीरगञ्ज । वीरगञ्जमा अमृत महोत्सवको अवसरमा भारतीय महावाणिज्य दूतावासले ‘प्रजातन्त्रको विशेष सन्दर्भमा शासनमा संविधानको सान्दर्भिकता’ बारे शुक्रबार छलफल गरेको छ ।

छलफलमा संविधानका विशेषताहरू तटस्थता, समावेशीता, परिमार्जनशीलता, प्रगतिशीलता, शक्ति पृथकीकरण, सरकारको कर्तव्य र नागरिकको मौलिक अधिकार संरक्षणको प्रत्याभूतिबारे प्रकाश पारिएको थियो ।

छलफलमा सन् १२१५ को म्याग्नाकार्टादेखि २०१५ को नेपालको संविधानसम्मको संविधानको इतिहासलाई प्रतिविम्वित गर्दै लोकतन्त्रको सफलताको लागि संविधान महत्वपूर्ण औजार भएको विवेचना गरिएको थियो ।

बलियो लोकतन्त्रको संविधानले यसका तीन खम्बा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा नियन्त्रण र सन्तुलन राख्ने र यसले लोकतन्त्रको फलिफाप र सफलता सुनिश्चित गर्ने छलफलका सदस्यहरूले धारणा राखे ।

छलफलका सदस्यहरूले भारतको संविधानमा जोड दिँदै नेपालले पनि यसबाट केही प्रावधानहरू समावेशीकरण, प्रगतिशीलता, जनताको मौलिक अधिकारको सम्मान र न्यायपालिकाको सर्वोच्चता इत्यादि अंगिकार गर्न सक्ने सुझाव दिएका छन् ।

छलफलमा मोनिका सिंह, साहु विचार मञ्चका अध्यक्ष सुरेश कुमार, लक्ष्मी कर्ण, उच्च अदालतका अधिवक्ता रामेश्वर सेढाई, वीरगञ्ज कलेजका प्रिन्सिपल विनोद गुप्ता, जिल्ला अदालतका अधिवक्ता पन्नालाल गुप्तासहित थिए ।

त्यसैगरी प्रोफेसर अनिल कुमार सिन्हा, प्रतीक प्रकाशन समूह प्रालिका अध्यक्ष जगदीश शर्मा, भारतीय कन्सुल जनरल नितेश कुमार, वीरगन्जका नागरिक समाजका सदस्य र वाणिज्य दूतावासका अधिकृत तथा अन्य सदस्यहरू छलफलमा सहभागी थिए ।

कार्यक्रममा नितेश कुमारले सहभागीहरूलाई धन्यवाद दिँदै संविधानले प्रदान गरेको अधिकारको संरक्षण र नागरिकले कर्तव्यको पालना गर्न व्यवस्था गरिएका उचित बन्देजको कदर गर्नुपर्ने बताए ।

## विवाहपञ्चमी महामहोत्सवको तयारी तीव्र

जनकपुरधाम । मिथिला नगरी जनकपुरधाममा श्रीसीताराम विवाहपञ्चमी महामहोत्सवको तयारी तीव्र रूपमा भइरहेको छ । जानकी मन्दिरले महोत्सवका लागि मन्दिरको सरसफाइ तथा सजावट गर्ने काम गरिरहेको छ । श्रीसीताराम विवाहपञ्चमी महामहोत्सव भव्य रूपमा मनाउनका लागि जानकी मन्दिरका महन्थ रामतपेश्वरदास वैष्णवको अध्यक्षतामा मूल समिति गठन गरिइएको छ भने विभिन्न उपसमितिहरू पनि गठन गर्ने काम भएको छ । यही मङ्सिर १७ गते देखि २३ गतेसम्म सप्ताहव्यापी रूपमा मनाइने श्रीसीताराम विवाहपञ्चमी महामहोत्सवका लागि जानकी मन्दिरले तयारी तीव्र बनाएको जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले जानकारी दिनु भएको छ । धार्मिक प्रवचनका लागि पण्डलको निर्माण भइरहेको छ । यसै गरी रामलीला शुरू गर्ने तयारी भइरहेको छ । सप्ताहव्यापी कार्यक्रम अन्तर्गत मङ्सिर १७ गते जनकपुर नगरदर्शन, १८ गते फूलवारी लिला, १९ धनुषयज्ञ, २० गते तिलकोत्सव, २१ गते मटकोर, २२ गते शुभ विवाहोत्सव तथा २३ गते रमकलेवा रहेको छ । यस वर्ष भारतको अयोध्याबाट औपचारिक रूपमा जन्ती नआए पनि विधिका लागि केही मात्रामा साधुसन्त तथा महन्थहरू आउन लाग्नु भएको उत्तराधिकारी महन्थ दासले जानकारी दिनुभयो । जनकपुरधाममा हुने महोत्सव मध्ये सबैभन्दा ठूलो महोत्सवको रूपमा श्रीसीताराम विवाह पञ्चमी महामहोत्सव रहेको छ । विगतका दुई वर्ष कोरोनाले प्रभावित भए पनि यस पटक अवस्था सन्तोषजनक रहेका छन् । दुवै देशमा कोरोना अहिले नियन्त्रणको अवस्थामा रहेकाले अत्यधिक भिड हुने अनुमान गरिएको छ ।

## गरिबलाई ग्यासचुल्हो प्रदान

महोत्तरी । महोत्तरीको सीमावर्ती मटिहानी नगरपालिकाका दलित समुदायका १ सय ३३ जना परिवारलाई ग्यासचुल्हा सेट वितरण गरिएको छ । चरम गरिबीको मारमा रहेका उनीहरूलाई मटिहानी नगरपालिकाले माटोको चुल्हो विस्थापित गर्दै ग्यासचुल्हा सेट वितरण गरेको हो । नेपालमा ४२ हजार बढी मानिसहरू प्रदूषणले हुने रोग लागेर प्रत्येक वर्ष ज्यान गुमाउँछन् । भान्छाभित्रको धुँवाले लाग्ने रोगहरूले बढी गरिबहरूको ज्यान गइरहेको अध्ययनले देखाएको छ । मृत्यु हुनेमा बढी गरिब तथा विपन्न परिवारका महिला तथा बालबालिकाहरू छन् । गरिब परिवारको जीवन रक्षाका लागि मटिहानी नगरपालिकाले ग्याससेट वितरण अभियान चलाएका हुन् । शनिबार मटिहानी नगरपालिकाको वडा नम्बर ४, ६, ७ र ९ मा बासोबास गर्ने मुसहर, डोम र हलखोर जातिलाई मेयर हरिप्रसाद मण्डलले ग्यास सिलेण्डर र चुल्हा वितरण गरे ।

## मुम्बई आक्रमणको स्मरणमा काठमाडौंमा प्रदर्शन

काठमाडौं । भारतको मुम्बईमा भएको आतङ्कवादी हमलाको स्मरणमा काठमाडौंको माइतीघर मण्डलमा नेपाल स्वतन्त्र युवा समूहको अगुवाइमा प्रदर्शन भएको छ । २६ नोभेम्बर २००८मा मुम्बईको इतिहासमा सबैभन्दा ठूलो हमला भएको थियो । मुम्बई आक्रमणको १३ वर्ष भएको छ । आतङ्कवाद विरूद्ध युवाहरूले नाराबाजी र प्लेकार्ड प्रदर्शन गरेका छन् । युवाहरूले पाकिस्तान विरूद्ध नाराबाजी र प्लेकार्ड प्रदर्शन गरेका थिए । लस्कर-ए-तोयबाले उक्त आक्रमणको जिम्मेवारी लिएको थियो । लस्करको उद्गमस्थल पाकिस्तानलाई मानिन्छ । हमलामा १ सय ६० जनाभन्दा धेरैको ज्यान गएको थियो भने ३ सय जनाभन्दा धेरै घाइते भएका थिए । हमलाकारीले मुम्बईका दुईवटा पाँचतारे होटेल, सिएसटी रेलवे स्टेशन, नरिमन हाउस र मेट्रो सिनेमासहित १२ ठाउँलाई निशाना बनाएका थिए ।

## हिन्दू परिषद्ले मनायो सातौ स्थापना दिवस

काठमाडौं । हिन्दू परिषद् नेपालले सातौं स्थापना दिवस मनाएको छ । उपत्यका कमिटीद्वारा संघीय राजधानीस्थित मधेश मिडिया हाउसमा स्थापना दिवसको अवसरमा चियापान समारोह सम्पन्न गरिएको छ । उपत्यका कमिटी सचिव अनिल यादवको सभापतित्वमा भएको कार्यक्रममा प्रदेश न.२ का पूर्वप्रमुख डा.राजेश अहिराज, विश्व ओमकार एकता महाअभियान केन्द्रिय प्रमुख संयोजक डा. चिन्तामणि योगी, नेपाल सनातन धर्म संस्कृति संगठनको केन्द्रीय अध्यक्ष पुष्पराज पुरूष, संयुक्त जनआन्दोलन मोर्चाका केन्द्रिय अध्यक्ष तारानाथ लुइटेल, विश्व हिन्दू महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष शंकर खरालको उपस्थिति रहेको थियो । यसैगरी, हिन्दू परिषद नेपालका केन्द्रिय अध्यक्ष संतोष पटेल, सनातन संस्कृति समाज नेपालका केन्द्रिय महासचिव पुष्पराज पराजुली, मधेशी नागरिक समाजका केन्द्रीय अध्यक्ष गणेश मण्डल, मधेशी पत्रकार समाजका केन्द्रिय अध्यक्ष मोहन सिंह, नेपाल विश्व हिन्दू महासंघ प्रदेश न.२ का कोषाध्यक्ष नीलू महतोको सहभागिता रहेको थियो । संचार उद्यमी कमल नेपाल,युवानेता राकेश सोब,हिन्दू परिषद नेपालका केन्द्रिय उपाध्यक्ष सुनीता रौनियार,केन्द्रिय सदस्यहरू उपेन्द्र झा,पिंकी महासेठ, मनोज राउत,केन्द्रिय सल्लहकार महेन्द्र चौधरी, उपेन्द्र सिंह लगाएतकाले शुभकामना मंतब्य ब्यक्त गरेका थिए ।

### स्थानीय सम्वाद

# नैतिकता अझै बाँकी छ भने जनकपुरका मेयरले राजीनामा दिनुपर्छ



जानकी राम साह
वडाध्यक्ष, जनकपुरधाम उपमहानगरपालिका–७, धनुषा

**० तपाईंहरू आफ्नो मेयरका विरूद्धमा किन आन्दोलित हुनुभएको छ ?**

– जनकपुरधाम प्रदेश २ को राजधानी हो । जनकपुरधाम उपमहानगरपालिकाले अहिलेसम्म एउटा पनि ठोस र राम्रो काम गर्न सकेको छैन । हामी निर्वाचनताका नै जनकपुरधाममा सरसफाइको मुद्दालाई प्राथमिकता दिएका थियौं । ऐतिहासिक धार्मिकस्थलहरू जनकपुरधाममा भएकोले हामी सुरूदेखि नै सरसफाइको मुद्दा उठाउँदै आएका थियौं । अहिलेसम्म सरसफाइको नाममा अर्बौं रूपैयाँ खर्च भएको छ तर दुर्गन्धित अवस्थामै छ । अतिथि गृह, ऐतिहासिक तिरहुतिया गाछी र बाह्रबिघालाई डम्पिङ्ग साइट बनाइएको छ । यत्रो चाडपर्वहरू भयो अहिले अब विवाहपञ्चमी आउँदैछ तर सरसफाइमा केही काम भएको छैन । जहाँ हेर्दा फोहोरको थुप्रो लागेको हुन्छ । त्यसकारणले हामी आन्दोलन बाध्य भयौं । डम्पिङ्ग साइट निर्माणका लागि ४८ करोड, जेसिबी खरिदका लागि आएको ३ करोड रूपैयाँ मेयर लालकिशोर साहका कारण फ्रिज भयो । अहिले जनकपुरधामको दयनीय अवस्था छ ।

**० तपाईंहरूले नै मेयरलाई सहयोग गर्नुभएन भन्ने आरोप छ नि ?**

– हामीले कहाँ के काम गर्न रोक्यौं त्यो त भन्नुपर्‍यो । जनकपुरधामका एउटा बच्चालाई पनि गएर सोध्नुस् कि नगरपालिकाले कस्तो काम गरेको छ । जनकपुरधामको इतिहासमै अहिलेसम्म यति फोहोर र दुर्गन्धित थिएन । हामीले मेयरलाई काम गर्न कहाँ असहयोग गरेका छौं देखाउनुपर्‍यो नि । अर्बौंअर्ब रूपैयाँ बजेट फ्रिज भएको छ, त्यो कसले गराइदियो ? वडाध्यक्षहरूले बजेट फ्रिज गराइदियो त ? हामीलाई ५०/५५ लाख रूपैयाँभन्दा बढी बजेट नै दिनुभएको छैन ।

**० अहिले चुनाव नजिकिँदै गर्दा मेयरका विरूद्धमा लाग्नुभएको छ नि ?**

– हामीले अहिले आएर मेयरको विरोध गर्न थालेका होइनौं । हामी तीन वर्षदेखि आवाज उठाउँदै आएका छौं । जतिबेला हामी एउटै पार्टीमा थियौं त्यो बेला पनि सरसफाइ र जनताले अनुभूति गर्ने खालका कामका लागि आवाज उठाएका थियौं । योभन्दा अगाडि पनि उहाँले जबरजस्ती नगरसभा गर्नुभएको थियो । त्यसको विरूद्धमा हामीले सर्वोच्च अदालतमा मुद्दा हालेका छौं । चुनाव नजिकिँदैछ, त्यसैले हामीले अहिले विरोध गर्न थालेका होइनौं । जनकपुरधामका निजी अस्पताल, क्लिनिक, होटेलका फोहोरहरू उठ्छन् तर सडक तथा सर्वसाधारणको घरका फोहोर उठ्दैन । किनकि उहाँलाई लाखौंलाख रूपैयाँ कमिशन लिँदै हुनुहुन्छ ।

**० सरसफाइ कर्मीचारीमाथि वडाअध्यक्ष र वडा सदस्यले दुर्व्यवहार गरेकोले कर्मचारीहरू आन्दोलित भई फोहोर नउठेको हो नि ?**

– कर्मचारीहरू आन्दोलित भएका होइनन्, मेयरले आन्दोलन गराएका हुन् । हामीसँग कर्मचारीको कुनै वादविवाद थिएन । हामी कुनै सामग्री माग गर्न जाँदा मेयरले जे आदेश दिन्छ त्यहीं गर्छन् कर्मचारीहरू । बहुमतको आडमा मेयरले नौटंकी गरिरहनुभएको छ । मेयरले कर्मचारीहरूलाई दबाब दिएर आन्दोलन गर्न लगाउनुभएको छ । किनकि करारमा कर्मचारीहरू भर्ना गरिएको छ । त्यसैले डरले कर्मचारीहरू मेयरले जे भन्नुहुन्छ, त्यहीं गर्नुहुन्छ । नगरसभा भएको ६ महिना भइसक्यो तर अहिलेसम्म मेयरले बोर्ड बैठक राख्न सक्नुभएको छैन ।

**० जनकपुरधामका २५ वटा वडामध्ये चार/पाँचभन्दा बढी वडाध्यक्षहरू मेयरका विरूद्ध आन्दोलित भएको देखिँदैन नि ?**

– हामी चार/पाँच जना मात्रै आन्दोलित भएका छैनौं, अन्य धेरै वडाअध्यक्षहरू पनि छन् । सबै जना काठमाडौं आउन नसकेको मात्रै हो ।

**० नगरपालिका र मेयरलाई बदनाम गराउनका केही वडाध्यक्षहरू विरोध गरिरहेका छन्, बहुमत उहाँसँग छ भन्ने दाबी छ त ?**

– हामीले त्यतिकै विरोध गरेका छैनौं नि । जनकपुरधामको अवस्था गएर हेर्नुस्, मेयरले के कस्ता काम गरेका छन् । जनकपुरधाममा विकास नगर्नुस्, फोहोर नउठाउनुस् भनेर हामीले भनेका होइनौं नि । उहाँले आफूसँग बहुमत छ भनेर जुन दाबी गर्नुभएको छ, त्यसको पनि कारणहरू छन् । उहाँले कसैको छोरा, बुहारी, भतिजालाई जागिर दिनुभएको छ । त्यसको आधारमा अन्य वडाध्यक्षहरूले विरोध गर्न सकिरहेका छैनन् । उहाँसँग बहुमत छ भने अहिलेसम्म बोर्ड बैठक किन राख्न सक्नुभएको छैन ? महिनामा कमसेकम एउटा बोर्ड बैठक राख्नुपर्ने हाम्रो ऐनमै छ । बहुमत छ भने बोर्ड बैठक राख्न किन डराउनुभएको छ ?

**० मेयरसँग तपाईंहरूको असन्तुष्टि केमा छ ?**

– हाम्रा थुप्रै मुद्दाहरू छन्, तर सरसफाइ मुख्य हो । हामीले नगरभित्र शिक्षा, स्वास्थ्य, सुशासन, मदिरारहित हुनुपर्छ भन्दै आएका छौं । जनकपुरधाम उपमहानगरपालिका ऐतिहासिक ठाउँ हो तर एउटा पनि उदाहरणीय काम भएको छैन । यदि उहाँले कुनै ठोस काम गर्नुभएको छ भने देखाइदिनुस् ।

**० मेयरको राजीनामा माग्दै काठमाडौं किन आउनुभयो ?**

– हामीले जनकपुरधाम उपमहानगरपालिकामै आन्दोलन गर्दागर्दै कुनै सुनुवाई नभएपछि हामी संघीय राजधानी काठमाडौं आउन बाध्य भयौं । हाम्रो मुख्य केन्द्र त यही हो । हामीले यत्रो दिनसम्म मेयरलाई गुहार लगायौं, प्रदेश सरकारलाई आग्रह गर्‍यौं तर कुनै सुनवाई भएन । जनकपुरधाम नगरपालिकावासीले भोगिरहेको समस्या संघीय सरकारलाई अवगत गराउन काठमाडौं आएका हौं ।

**० काठमाडौंमा आएर मेयरको राजीनामा माग्दैमा उहाँले दिनुहुन्छ त ?**

– हामीले राजीनामा माग्नुभन्दा पनि नैतिकताको आधारमा आफैले राजीनामा दिनुपर्ने थियो । नैतिक अझ पनि बाँकी छ भने उहाँले राजीनामा दिनुपर्छ । नगरपालिकामा भ्रष्टाचारका फाइलको चाङ्ग नै छ, अख्तियारले लगेको छ । सरसफाइमा अर्बौं रूपैयाँ खर्च भएको छ, तर सरसफाइ भएको छैन ।


**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**
**नगरप्रमुख**
**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**
**नगरप्रमुख**
**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# युगान्डाको अन्तर्राष्ट्रिय विमानस्थल यसरी पुग्यो चीनको कब्जामा

काठमाडौं । चिनियाँ ऋण जाल (डेब्ट ट्र्याप)को रणनीति फस्ने देशको सूचीमा युगान्डा पनि थपिने भएको छ । युगान्डाको एकमात्र एन्टेबे अन्तर्राष्ट्रिय विमानस्थल चीनले कब्जा गर्ने खतरा बढेको हो ।

सन् २०१५ मा चीनको एक्सपोर्ट इम्पोर्ट (एक्जिम) बैङ्कले युगान्डालाई २ प्रतिशत ब्याजदरमा २० करोड ७० लाख अमेरिकी डलर ऋण दिएको थियो ।

एन्टेबे विमानस्थल निर्माणका लागि यो ऋण २० वर्षमा फिर्ता गर्नेसहित ७ वर्षको अनुग्रह अवधि थपिएको थियो । ऋण तिर्नका लागि एन्टेबे विमानस्थल समेत सम्झौतामा संलग्न गराइएको छ । यो सम्झौता परिमार्जन गर्न युगान्डा सरकार असफल भएको छ ।

अफ्रिकी सञ्चार माध्यमका अनुसार ऋण तिर्न असफल भएमा एन्टेबे विमानस्थलसहित युगान्डाको अन्य केही सम्पत्ति ऋण दाताहरूले कब्जा गर्न सक्नेछन् ।

युगान्डाका राष्ट्रपति योवेरी मुसेभेनीले यी सर्तहरू परिमार्जनका लागि वार्ता गर्ने आशामा बेइजिङमा एक प्रतिनिधिमण्डल पठाएका थिए ।

तर, चिनियाँ पक्षहरूले सम्झौतामा फेरबदल नगर्ने सङ्केत गरेपछि सो प्रयास अफल भएको हो । सन् २०१५ को नोभेम्बर १७ मा एक्जिम बैङ्क र तत्कालीन युगान्डा सरकारको अर्थ मन्त्रालय र नागरिक उड्डयन प्राधिकरणले उक्त ऋण सम्झौतामा हस्ताक्षर गरेको थियो । उक्त सम्झौताले युगान्डाको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल चिनियाँको कोल्टेमा पारेको बताइएको छ ।

यससँगै युगान्डाले समयमै ऋण चुक्ता गर्न नसकेको खण्डमा र यो सम्झौतामा परिमार्जन हुन नसकेको अवस्थामा त्यहाँको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल बेइजिङले कब्जा गर्नसक्ने देखिएको छ ।

चीनका लागि ऋण दिएर अर्काको देशको सम्पत्ति कब्जा गर्नु कुनै नौला कुरा भने हैन । श्रीलङ्काको हम्बनटोटा बन्दरगाह पनि चीनले यसरी नै ९९ वर्षका लागि कब्जामा पारेको छ ।

चीनको यो ऋण जाल अथवा डेब्ट ट्र्याप रणनीतिकै चिन्ताका कारण विभिन्न मुलुकहरूले बेल्ट एन्ड रोड परियोजना एवं अन्य किसिमका चिनियाँ सम्झौताबाट ऋण लिएर पूर्वाधार निर्माण गर्न डराउन थालेका छन् ।

कतिपय देशहरूले त चीनले ऋण लगानी गरिदिन्छु भनेका सम्झौता नै पछि आएर खारेज गरेका छन् ।

# ओमिक्रोनका कारण भारतको अन्तर्राष्ट्रिय उडानहरू स्थगित

भारतको उड्डयन नियामक महानिर्देशनालय (डिजीसीए) ले देशमा अन्तर्राष्ट्रिय उडानहरू स्थगित गर्ने निर्णय गरेको छ । नँया कोरोना भाइरस को सन्दर्भमा डिजीसीए ले नियमित निगरानी राखेको बताएको छ। सिर्जित अवस्थानुसार अन्तराष्ट्रिय उडान शुरू गर्ने वा नगर्ने भन्ने बारे निर्णय गरिने निर्देशनालय लेरू जनाएको छ ।

यस सन्दर्भमा डिजीसीए ले भन्यो, " नँया प्रकार को भाइरसको देखापरे सँगै हामी ले अवस्थाकोरू निरन्तर निगरानी गरिरहेका छौं। यसका साथै हामी हाम्रा सरोकारवाला सँग नियमित परामर्श मा पनि छौं। निर्धारित व्यावसायिक अन्तर्राष्ट्रिय यात्रु सेवा पुनः सुरू गर्ने विषयमा चाँडै नै निर्णय लिनेछौं ।"

नागरिक उड्डयन महानिर्देशनालय ले यसअघि निर्धारित अन्तर्राष्ट्रिय उडानहरू डिसेम्बर महिनाको १५ तारिख बाट पुनः सञ्चालन हुने घोषणा गरेको थियो ।

यसैबीच, भारतमा पछिल्लो २४ घण्टामा ८ हजार ९ सय ५४ नँया संक्रमित विरामी थपिएका छन्। जबकि अघिल्लो दिन जम्मा ६ हजार ९ सय ८० जना नँया संक्रमित विरामी थपिएका थिए । पछिल्लो २४ घण्टामा १० हजार २ सय ७ जना बिरामी निको भएसँगै निको भएका बिरामीको सङ्ख्या ( महामारी सुरू भएदेखि) बढेर ३ करोड ४० लाख २८ हजार ५ सय ६ पुगेको छ। फलस्वरूप, भारतको संक्रमण मुक्त दर ९८.३६% पुगेको छ । देशको सक्रिय सकरात्मक संख्या ९९ हजार २३ पुगेको छ । सक्रिय सकरात्मक संख्या देशको कुल सकरात्मक संख्याको ०.२८% रहेको छ । बुधबार बिहान ७ बजेसम्मको अस्थायी प्रतिवेदन अनुसार भारत मा हालसम्म १२४ करोड १० लाख खोप लगाइएको छ ।

# भारतद्वारा ओएचसीएचआरको आलोचना

जम्मु कश्मीर बारे मानवअधिकार उच्चायुक्त कार्यालय (ओएचसीएचआर) ले प्रतिकुल टिप्पणी गरेको मा भारतले बिहीबार कडा आलोचना गरेको छ। संयुक्त राष्ट्र मानवअधिकार निकायले भारतीय कानून प्रवर्तन संस्थान तथा सुरक्षा बल विरूद्ध लगाएको आरोप "निराधार" भएको भारतले बताएको छ।

जम्मु कश्मीरमा भएको घट्ना बारे मानव अधिकारका लागि उच्च आयुक्त कार्यालयका प्रवक्ता केही टिप्पणी गरेका थिए। जसलाई लिएर मिडिया ले विदेश मन्त्रालयका प्रवक्ता अरिंदम बाग्ची सँग केही प्रश्न सोधेका थिए। जसको जवाफ मा उनले भने, "हामीले जम्मु कश्मीरको विषयमा मानव अधिकारका लागि उच्चायुक्त कार्यालय का प्रवक्ताले दिएको बयान देख्यौं। उनले भारतीय कानून प्रवर्तन अधिकारीहरू र भारतीय सुरक्षा बल विरूद्ध निराधार आरोप लगाएका छन्।"

सीमापार आतंकवाद का कारण भारतले विविध प्रकारका चुनौती को सामना गर्नुपरेको छ। यसका कारण सबैभन्दा आधारभूत मानव अधिकार 'जीउने अधिकार' माथि नकरात्मक प्रभाव परिरहेको छ। विदेश मन्त्रालयका प्रवक्ता का अनुसार ओएचसीएचआर को यस बयानले तिनको समझ मा कमी भएको दर्शाएको छ। "प्रतिबन्धित आतंकवादी संगठनहरूलाई 'सशस्त्र समूह' भनेर उल्लेख गर्नुले ओएचसीएचआर को स्पष्ट पूर्वाग्रह देखाउँदछ," विदेश मन्त्रालयका प्रवक्ताले भने।

भारत एक प्रजातान्त्रिक देशको रूपमा, आफ्ना नागरिकहरूको मानव अधिकारको प्रवर्द्धन र संरक्षण गर्ने प्रतिबद्धताका साथ, "सीमापार आतंकवादलाई रोक्न सबै आवश्यक कदमहरू चाल्ने" उनले बताए ।

"भारतको सार्वभौमसत्ताको रक्षा गर्न र आफ्ना नागरिकहरूको सुरक्षा सुनिश्चित गर्न संसदले राष्ट्रिय सुरक्षा कानून, जस्तै गैरकानूनी गतिविधि (रोकथाम) ऐन, १९६७ लागू गरेको थियो।"

बयानमा उल्लेख गरिएको व्यक्तिको गिरफ्तारी र त्यसपछिको नजरबन्द पूर्णतया कानूनको प्रावधान अनुसार गरिएको थियो । भारतीय अधिकारीहरू कानुन उल्लङ्घनको विरूद्ध कार्य गर्छन्, अधिकारको वैध प्रयोगको विरूद्ध होइनन्। यस्ता सबै कारबाही कानुन बमोजिम हुने उनले बताए ।-*इण्डिया न्यूज नेटवर्क*




# सूचना आयोगमा सप्तरीबाट बढी उजुरी

सप्तरी । सूचना नपाएको भन्दै देशैभरिमा अत्यधिक उजुरी पर्नेमा प्रदेश २ प्रदेशमा सस्तरी पहिलो स्थानमा रहको छ । गत साउनदेखि मंसिरसम्म आयोगमा २९ वटा पुनरावेदन परेको छ ।

पारदर्शिता, सहभागिताकोस्तर वृद्धि र शून्य भ्रष्टाचार नीति कार्यान्वनमा सहयोग पुर्याउने अपेक्षासहित बुधवार राष्ट्रिय सूचना आयोगले सप्तरीको राजविराजमा आयोजना गरेको सूचनाको हकसम्वन्धी अन्तरक्रिया कार्यक्रममा आयोगका सचिव भागिरथ पाण्डेले प्रस्तुत गरेको प्रतिवेदनअनुसार सप्तरीमा सबैभन्दा बढी उजुरी परेको देखिएको हो ।

सूचनाको हकको दफा ३ को उपदफा ३ अनुसार सूचना माग को प्रयोजनलाई प्रयोग गरिदिन आयोगका आयुक्त रत्नप्रसाद मैनाली आग्रह गर्नुभयो । मोबाइल, इमेलबाट र म्यासेन्जरबाट मागेको आधारमा पनि विषय, प्रयोगको गाम्भिर्यतालाई बुझ्दै सूचना तत्काल उपलब्ध गराउन कार्यलयहरूलाई आयोगले निर्देशन दिएको छ। सूचना माग्ने शैलीलाई पनि प्रविधिमैत्री बनाउँदै लग्नुपर्ने आयोगको भनाई छ ।

सरकारी कार्यलयले हरेक तीन तीन महिनामा सो कार्यलयले सम्पादन गरेको कार्यहरू अनिवार्य सार्वजनिक गर्नुपर्ने निर्देशन प्रमुख जिल्ला अधिकारीबाटै हुनुपर्ने आयोगले बताएको छ । सहज सुचना र पारदर्शी कार्यसम्पादनका लागि राजनीतिक दलको सकारात्मक भूमिका आवश्यक रहेको आयोगले बताएको छ ।

पशु सेवा विभाग

राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय

हरिहरभवन, ललितपुरको अनुरोध

- पशु नश्ल सुधारका माध्यमबाट पशुजन्य पदार्थको उत्पादन एवं उत्पादकत्व बढाई खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गरौं ।
- घाँसमा आधारित पशु पालन गरी उत्पादन लागत घटाई खुद नाफा बढाऔं ।
- स्वस्थ्य तथा स्वच्छ पशुजन्य पदार्थ उत्पादनका लागि आफ्नो फार्ममा असल पशुपालन अभ्यास (Good Husbandry Practices) र असल उत्पादन अभ्यास (Good manufacturing Practices) को अवलम्बन गरौं ।
- रैथाने तथा लोपोन्मुख पशुपन्छीहरूको संरक्षण संवर्द्धन र सदुपयोग गरौं ।
- अनुत्पादक पशु वस्तुहरूलाई सडक तथा सार्वजनिक स्थानहरूमा छाडा नछाडौं ।
- आफ्नो पशुपन्छीहरूलाई नियमित रूपमा परजिवी नियन्त्रण गरौं तथा विभिन्न संक्रामक रोग विरुद्ध खोप लगाऔं ।

विस्तृत जानकारीको लागि

सम्पर्क

फोन : ०१-५५२२०३१

इमेल : info@nlrmpo.gov.np

## जिल्ला समाचार

### वीरगन्जमा 'मेड इन नेपाल एक्स्पो' हुने

पर्सा । वीरगन्जमा 'मेड इन नेपाल एक्स्पो एन्ड फुड फेस्ट' हुने भएको छ । नेपाली युवा उद्यमी मञ्च (एनवाइइएफ) वीरगन्जले बुधबार पत्रकार सम्मेलन गरी व्यापार प्रवर्द्धन गर्न औद्योगिक तथा व्यापारिक नगरी वीरगन्जमा मेड इन नेपाल एक्स्पो एन्ड फुड फेस्ट गर्न लागेको जनाएको छ । नेपाली युवा उद्यमीको जोश, जाँगर र प्रतिभा आदानप्रदान गरी मुलुकको आर्थिक विकासमा टेवा दिन एक्स्पो गर्न लागिएको संस्थाका अध्यक्ष अनुप अग्रवालले बताए । युवा उद्यमीमा रहेको नयाँ सोच र उद्यम प्रवर्द्धन गर्न फागुन १२ देखि १५ गतेसम्म फेस्ट आयोजना हुने उनले बताए । एक्स्पोमा उद्यम र व्यापारमा लागेका युवालाई प्रभावकारी तालिम सञ्चालन गर्दै व्यापार व्यवसायका विभिन्न ज्ञान, सिप, अध्ययन र अनुसन्धान आदानप्रदान पनि गर्ने आयोजक एनवाइइएफले जनाएको छ । यो मेलामा स्वदेशी सीप र उद्यमको प्रवर्द्धनबाहेक विदेशी उत्पादन नराखिने आयोजक संस्थाले बताएको छ । स्वदेशी वस्तु तथा सेवा व्यवसायको मात्र प्रदर्शनी हुनेछ । कुल १ सय ३० स्टल राखिने एक्स्पोमा स्टलको साइज र ठाउँ हेरी ३० हजारदेखि ७५ हजारसम्म लिने तयारी भइरहेको आयोजक संस्थाका अध्यक्ष अग्रवालले बताए । उत्पादक र ग्राहकबीच प्रत्यक्ष साक्षात्कार गर्ने र उपभोक्तालाई स्वदेशी उत्पादनबारे जानकारी दिन एक्स्पो गरिन लागेको आयोजक एनवाइइएफले जनाएको छ । मेड इन नेपाल एक्स्पो एन्ड फुड फेस्टमा निजी क्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघको पनि पूर्ण साथ रहने महासंघको प्रदेश २ का अध्यक्ष गणेश लाठले बताए ।

### नेपालगन्ज उपमहानगरमा शाही

नेपालगन्ज । नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) को नेपालगन्ज उप-महानगरपालिका दोस्रो सम्मेलनबाट रतन शाहीको नेतृत्वमा सर्वसम्मत पालिका कमिटी बनाइएको छ । माओवादी केन्द्रका अनुसार, उपाध्यक्षमा बसन्त मल्ल, तारा प्रसाद खत्री र गोपाल पुन, सचिवमा प्रेम शाह , नन्दलाल बैश्य तथा कोषाअध्यक्षमा कस्मिरा खातुन लगायत ८१ सदस्यीय नगर कमिटी सर्वसम्मत चयन गरिएको माओवादी केन्द्रका युवा नेता नविन शर्माले जानकारी दिए ।

### जोशीपुरमा जनमतको अधिवेशन सम्पन्न

कैलाली । जनमत पार्टीको कैलालीस्थित जोशीपुर गाउँपालिकाको नगर समिति अध्यक्षमा गणेश डंगौरा निर्वाचित भएका छन् । शनिबार जोशीपुरको रामनगर बञ्जरियामा भएको जनमत पार्टीको प्रथम नगर अधिवेशनबाट डंगौरा अध्यक्षमा निर्वाचित भएका हुन् । यसैगरी उपाध्यक्षमा जुगरानी डंगौरा, सचिवमा राजकुमार डंगौरा र कोषाध्यक्षमा राजकुमारी चौधरी निर्वाचित भएका छन् । प्रेस जनमत संघका केन्द्रीय अध्यक्ष एवं केन्द्रीय परिवेक्षक बीपी साहको प्रमुख आतिथ्यमा सम्पन्न अधिवेशनमा नेपाली कांग्रेस र जसपाबाट ४५ जनाभन्दा बढी नेता तथा कार्यकर्ताहरू जनमत पार्टीमा प्रवेश गरेका छन् । नगर अधिवेशनको अवसरमा प्रमुख अतिथि साहले थरूहट-थारूवानमा पनि जनमत पार्टी बलियो भएर आउने बताएका छन्। थारूहरूको पहिचान र अधिकारको लडाईमा अन्य पार्टीभन्दा जनमत पार्टी अगाडि रहेका बताउँदै साहले भने,'जनमत पार्टीले पूर्वी मधेश कब्जा गरिसकेको छ, अब थरूहट-थारूवान पनि कब्जा गर्नेछ । यहाँको नेतृत्व थारूहरूले नै गर्नेछ। जनमत पार्टीले थारूहरूलाई कार्यकर्ता होइन नेता बनाउँदैछ ।' कार्यक्रममा नवनिर्वाचित अध्यक्ष डंगौराले आफूहरूलाई नेपाली कांग्रेस, एमाले, माओवादी र केही मधेशवादी जस्ता पार्टीले बारम्बार शोसन गरेको बताए । 'कांग्रेसले ठग्यो, एमालेले दमन गर्यो, माओवादीले हत्या गरायो, जसपा-राजपाले भोट लियो तर हाम्रो आन्दोलनलाई नै बेचिदियो।' अध्यक्ष डंगौराले भने,'थारूहरूको अबको विकल्प बैज्ञानिक डा.सीके राउतले नेतृत्व गरेको जनमत पार्टी नै हो ।'

### अपाङ्गता भएकाहरूलाई सम्मान तथा सहयोग

रौतहट । जिल्लाका सयौं अपाङ्गता भएका व्यक्तिहरूलाई संघीय सरकारका वन तथा वातावरणमन्त्री रामसहाय यादवले सम्मान गर्नुका साथै सामग्री वितरण गरेका छन् । रौतहटको माधवनारायण नगरपालिका ६ माधोपुर बजारमा मंगलवार आयोजित अपाङ्गहरूलाई सम्मान तथा सामग्री वितरण कार्यक्रममा मन्त्री यादवले जिल्लाका विभिन्न पालिकाका शारीरीक रूपमा पुर्णरूपमा अपाङ्ग भएका व्यक्तिहरूलाई विभिन्न सामग्री वितरण गरेका हुन् । मंसिर १७ गते परेको अन्तर्राष्ट्रिय अपाङ्ग दिवसको अवसर पारेर वन तथा वातावरण मन्त्री यादवले जिल्लाको माधवनारायण, देवाही गोनाही, गढिमाई, गरूडा, राजदेवी नगरपालिका र दुर्गाभगवती तथा यमुनामाई गाउँपालिकाका पुर्णरूपमा अपाङ्ग भएका १५ जनालाई ट्राई साइकल वितरण गरेका छन् । मन्त्री यादवले २०, २० जनालाई छडी र बैशाखी वितरण गरेका छन् भने दुई सयभन्दा बढी अपाङ्गहरूलाई दोसला एवं एक एकथान कम्वल ओढाएर सम्मान गरेका हुन् । प्रदेश नं. २ का भूमि व्यवस्था कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र यादवले उपलब्ध गराएको उक्त सामग्रीहरू वनमन्त्री रामसहाय यादवले शारीरीक रूपमा अपाङ्गता भएका व्यक्तिहरूलाई वितरण गरेका हुन् । वन मन्त्री रामसहाय र कृषि राज्य मन्त्री योगेन्द्र दुवै जना संयुक्त रूपमा नै उक्त सामग्रीहरू वितरण गरेका थिए ।

### 'नेपालगन्ज वाकाथन' हुने

नेपालगन्ज । 'नेपालगन्ज वाकाथन' आयोजना गरिने भएको छ । भष्ट्राचार विरूद्ध सक्रिय भएर काम गरिरहेको बासले अन्तराष्ट्रिय भष्ट्राचार दिवसको अवसर पारेर नेपालगन्जमा वाकाथन गर्ने तयारी सुरू गरेको हो । भष्ट्राचार दिवसको अवसर पारेर बासले आयोजनाको तयारी थालेको जनाएको छ । मंसिर २३ गते आयोजना गरिने वाकाथनलाई भव्य बनाउन बासले विभिन्न उप-समिति बनाएर तयारी सुरू गरेको हो । अन्तरालले व्यवस्थापन गर्ने वाकाथनले भष्ट्राचार विरूद्ध जागरण ल्याउने उद्देश्य लिएको वाकाथन कार्यक्रम संयोजक नमस्कार शाहले बताए । उनले भने, 'हामी भष्ट्राचार विरूद्ध काम गरिरहेका छौं । भष्ट्राचार विरूद्धको दिवस हाम्रो लागि महत्वपुर्ण दिन हो । यहि दिनको अवसर पारेर हामीले नयाँ कार्यक्रमको सुरूआत गर्ने तयारी गरेको छौं ।'

### हत्या गरी फरार रहेका अभियुक्तहरू पक्राउ

मोरङ । उर्लाबारी नगरपालिका-८ राजघाट चौधरी टोल बस्ने १७ वर्षीय अभिषेक चौधरीको हत्या गरी फरार रहेका सोही ठाउँ बस्ने २६ वर्षीय संजोग अधिकारीलाई प्रहरीले पक्राउ गरेको छ । गत साउन ११ गते दिउँसो फुटबल खेल्ने निहुँमा संजोगले धारिलो हतियार प्रहार गर्दा घाइते भएका अभिषकको बिएण्डसि अस्पताल बिर्तामोड झापामा उपचारको क्रममा मृत्यु भएको थियो । घटनापछि फरार रहेका उनलाई ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । यसैगरी बुढिगंगा गाउँपालिका-७ मा धनकुटा पाख्रीबास नगरपालिका-४ बस्ने २६ वर्षीय रिजन दाहालको हत्या गरी फरार रहेका सुनसरी ईटहरी उपमहानगरपालिका-११ भागलपुर बस्ने २२ वर्षीय राजु तमाङलाई बुधबार प्रहरीले पक्राउ गरेको छ । गत कात्तिक २८ गते बेलुकी पुरानो रिसिवीका कारण राजुले रिजनलाई खुकुरी प्रहार गरी घाइते बनाएकोमा उपचारको क्रममा रिजनको मृत्यु भएको थियो । तत्काल फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनीहरूलाई जिल्ला अदालत मोरङमा पेश गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### ट्याक्टरको ठक्करबाट बालिकाको मृत्यु

कपिलवस्तु । यशोधरा गाउँपालिका-५ सुठौलीस्थित सडकमा हाल नम्बर नखुलेको ट्याक्टरको ठक्करबाट सोही ठाउँ बस्ने नवल यादवकी छोरी १२ वर्षीया सुमन यादवको घटनास्थलमै मृत्यु भएको छ । सोमबार साँझ सोही घटनाको विषयलाई स्थानीयले भारतबाट नेपालतर्फ आउँदै गरेको मालबाहक लहरी गाडीलाई तोडफोड एवं आगजनी गर्न खोज्दा प्रहरीले सम्झाई बुझाई गर्दा भिडले उल्टै प्रहरीमाथि ढुंगामुढा गर्दा ९ जना प्रहरी कर्मचारी सामान्य घाइते भएका छन् । घाइते सबै जना जिल्ला अस्पतालमा उपचार पश्चात डिस्चार्ज भएका छन् । ठक्कर दिने ट्याक्टरलाई नियन्त्रणमा लिनुका साथै हाल फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### चोरीपैठारीको सामान बरामद

बाँके । जिल्लाको नेपालगंज उपमहानरपालिका १५ स्थित सीमा ईलाकाबाट सशस्त्र प्रहरीले करीव २ लाख २५ हजार रूपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा बरामद गरेको छ । भारतबाट अबैध रूपले नेपालतर्फ ल्याउँदै गरेको उक्त लत्ताकपडा सशस्त्र प्रहरी बल नेपाल नम्बर ३० गण बाँकेबाट खटिएको सशस्त्र प्रहरीले बरामद गरेको हो ।

# दार्चुलामा भारतको सहयोगमा निर्मित विद्यालय भवनहरू उद्घाटन




काठमाडौं । भारत सरकारको आर्थिक सहयोगमा निर्मित दार्चुलाका श्री मोती महिला संघ प्राथमिक विद्यालय र श्री मालिकार्जुन नमुना माध्यमिक विद्यालयका नयाँ भवनहरू उद्घाटन भएका छन् ।

भारत सरकारको ने रू. १ करोड २७ लाख आर्थिक सहयोगमा दार्चुला जिल्लाको खलंगा, तिंकरमा अवस्थित श्री मोती महिला संघ प्राथमिक विद्यालयको नयाँ विद्यालय भवन आइतबार भारतीय राजदूतावासका नियोग उप-प्रमुख नामग्य सी. खम्पा, जिल्ला समन्वय सिमिति, दार्चुला, विद्यालय व्यवस्थापन समिति र स्थानीय प्रतिनिधिहरूले उद्घाटन गरेका छन् ।

सन् १९६० मा स्थापना भएको यस विद्यालयले लामो समयदेखि गुणस्तरीय प्राथमिक तहको शिक्षा प्रदान गर्दैआएको छ ।

यस विद्यालयमा अध्ययनरत अधिकांश विद्यार्थीहरू दार्जुला जिल्लाका सीमान्तकृत तिंकरी र भुटिया समुदायका रहेका छन् । हाल विद्यालयमा अध्ययनरत ३९१ विद्यार्थीमध्ये ५० प्रतिशत छात्रा रहेकाछन् ।

यस नवनिर्मित भवनले ग्रामीण क्षेत्रको सिकाई वातावरणलाई सुधार गर्नुका साथै सो जिल्लाको शैक्षिक विकासमा टेवा पुऱ्याउनेछ ।

सोही दिन भारत-नेपाल विकास सहकार्यअन्तर्गत भारत सरकारको नेरू. २ करोड ३३ लाख आर्थिक सहयोग दार्चुला जिल्लाको महाकाली-७ धापस्थित श्री मालिकार्जुन नमुना माध्यमिक विद्यालयको नयाँ विद्यालय भवनको पनि भारतीय राजदूतावासका नियोग उप-प्रमुख नामग्य सी.खम्पा, महाकाली नगरपालिका, दार्चुला, विद्यालय व्यवस्थापन समिति र स्थानीय प्रतिनिधिहरूद्वारा उद्घाटन गरिएको हो ।

सन् १९६६ मा स्थापना भएको यो विद्यालय सन् १९८४ मा माध्यमिक तहमा स्तरोन्नति भएको हो । यो विद्यालय सुदूरपश्चिम क्षेत्रमा अवस्थित छ । विद्यालयमा अध्ययनरत सबै विद्यार्थीहरूलाई राख्न यसअघिको पूर्वाधार अपर्याप्त थियो ।

भारत-नेपाल विकास सहकार्यअन्तर्गत निर्माण भएको यस दुईतल्ले नवनिर्मित विद्यालय भवनले दुर्गम क्षेत्रमा अध्ययनका लागि राम्रो वातावरण सिर्जना गर्नुका साथै जिल्लाको शैक्षिक विकासमासमेत योगदान पुऱ्याउनेछ ।

भारत सरकार र नेपाल सरकारबीच भएको सम्झौता अनुरूप यी परियोजनाहरूलाई 'उच्च प्रभाव सामुदायिक विकास परियोजना' का रूपमा अघि बढाइएको हो । यी परियोजनाहरूको कार्यान्वयन क्रमशः जिल्ला समन्वय समिति, दार्चुला र महाकाली नगरपालिका, दार्चुलाले गरेका हुन् ।

सन् २००३ यता भारतले नेपालमा ५२३ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू अघि बढाइसकेको छ ।

हालसम्म ४५९ वटा परियोजनाको निर्माण सम्पन्न भइसकेको छ जसमध्ये दार्चुला जिल्लाका ६ गरी सुदूरपश्चिम प्रदेशमा ३२ वटा रहेकाछन् ।

उल्लिखित परियोजनाका अतिरिक्त भारतीय राजदूतावासले दार्चुला जिल्लाका विभिन्न स्वस्थ्यचौकी तथा गैरसरकारी संस्थालाई पाँच वटा एम्बुलेन्स र एउटा स्कुलबस उपहारस्वरूप प्रदान गरिसकेको छ ।

यी नवनिर्मित संरचनाहरूले त्यस क्षेत्रमा पठन पाठन तथा सिकाईको वातावरणलाई थप सुदृढ बनाउनुका साथै जिल्लाको शैक्षिक विकासमा टेवा पुऱ्याउने आशा गरेका छौ ।

नजिकको छिमेकीको हैसियतले भारत र नेपालबीच मित्रता र सहकार्यको विशिष्ट सम्बन्ध रहेको छ । नेपाल-भारत विकास सहकार्य कार्यक्रमअन्तर्गत भएका यी विद्यालय भवनहरूको निर्माणले प्राथमिकता क्षेत्रमा पूर्वाधार विकास गर्न नेपाल सरकारले गरेका प्रयासमा थप बल प्रदान गर्न भारत सरकारले पुर्याउँदै आएको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

## २० प्रतिशतले धान उत्पादन घट्यो

सप्तरी । सप्तरीको कूल ७० हजार हेक्टर धानखेती योग्य जग्गा रहेको तर सिंचाइ अभावका कारण र बेमौसमी बाढीले गरेको क्षतिका कारण धान उत्पादनमा कमी आएको छ । सप्तरीमा बहुसंख्यक सर्वसाधारणको जीवन कृषिमै निर्भर छ । कृषकहरूको मुख्य बाली पनि धान खेती नै हो । धान उत्पादनमा कमी आएपछि किसानहरू मार्कामा परेका छन् । कृषि ज्ञान केन्द्र सप्तरीका अनुसार यस वर्ष सप्तरीमा २० प्रतिशतले धान उत्पादनमा कमी आउने अनुमान छ ।

गत कात्तिकमा आएको बेमौसमी बाढी धानखेतमा व्यापक क्षति भएको थियो । गत वर्षको तुलनामा यस वर्ष धान उत्पादनमा कमी आएको जनाइएको छ । गत वर्ष सप्तरीमा ७० हजार हेक्टरमध्ये ६३ हजार हेक्टर जग्गामा धानखेती भएको थियो । अघिल्लोभन्दा १० प्रतिशतले उत्पादनमा कमी आएर एक लाख ८२ हजार ७ सय मेट्रिक टन धान उत्पादन भएको थियो । गत वर्षभन्दा यस वर्ष ५ हजार हेक्टर बढी जग्गामा धान बाली लगाएको केन्द्रको तथ्याङ्क छ । कुल ६८ हजार हेक्टर जग्गामा धान बाली लगाइए पनि एक लाख ५० हजार मेट्रिक टन मात्रै धान उत्पादन हुने केन्द्रले जनाएको छ । 'गत वर्षभन्दा २० प्रतिशतले धान उत्पादनमा कमी आउने देखिन्छ' केन्द्रले भनेको छ ।

## आर्थिक समाचार

### आइएमई पे मार्फत भुक्तानी गर्दा २० प्रतिशत क्यासव्याक अफर

काठमाडौं । आइएमई ग्रुपद्वारा संचालित आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धित 'आइएमई पे' को सेवाग्राही केन्द्रीत योजना आजबाट सार्वजनिक गरिएको छ ।

सोही योजना अन्तर्गत आइएमई पे सेवाग्राहीहरूको लागि नेपाल भरीका भाटभटेनी सुपर मार्केटमा किनमेल गर्दा २०% (रू ३०० सम्मको) क्यासब्याकको अफर रहेको छ ।

उक्त योजना सार्वजनिक गरिएको अवसरमा आइएमई पे का प्रमुख कार्यकारी अधिकृत विकास नाहाटाले सोही योजना सार्वजनिक गर्दा सम्पुर्ण सेवाग्राहीहरू अझ बढी प्रोत्साहित हुने र सेवाग्राहीहरूले क्यासव्याक मार्फत भरपुर फाइदा उठाउन सक्ने खुसीयाली ब्यक्त गरेका छन् ।

उक्त अफरमा आइएमई पे मा दर्ता भएका सम्पूर्ण मोबाइल नम्बरहरू भाग लिन पाउँनेछन् । यो एक पटकको वैध योजना हो, जसको अर्थ प्रति प्रयोग १ क्यासव्याक हुनेछ । प्रयोगकर्ताले ३०० रूपैयाँसम्म मात्र २०% छुट पाउन सक्नेछन् ।

## शक्ति २०२१ अभ्यासः भारतीय र फ्रान्सेली सेना आतंकवाद विरोधी अभ्यासमा

काठमाडौं । भारतीय र फ्रान्सेली सेना बीच १२ दिन लामो गहन सैन्य प्रशिक्षण भएको थियो जुन बिहिबार सम्पन्न भएको छ । यो अभ्यास भारत-फ्रान्स द्विवार्षिक अभ्यास शक्ति २०२१ को छैठौं संस्करण अन्तर्गत गरिएको हो ।

यस अभ्यास मा दुवै देशका सेनाले आतंकवादी विरोधी अभ्यास मा आ-आफ्ना सिप र शक्ति प्रदर्शन गरेका थिए ।

रक्षा मन्त्रालयले शुक्रबार जनाए अनुसार यस अभ्यास ले दुवै सहभागी देशबीच स्थापित सैन्य कूटनीतिमा अर्को आयाम थपेको छ । गहन कठिन अभ्यासपछि फ्रान्सेली शहर फ्रेजुसमा शक्ति २०२१ समापन भएको थियो ।

यसले दुवै सेनालाई संयुक्त राष्ट्र संघको बडापत्र अन्तर्गत संयुक्त वातावरणमा आतंकवाद विरोधी अभियानमा तालिम लिने अवसर प्रदान गरेको छ । अभ्यास दुई चरणहरूमा सञ्चालन गरिएको थियो । अर्धशहरी वातावरणमा आतंकवाद विरोधी अभियान र रणनीतिक प्रशिक्षण प्रदान गरिएको थियो ।

"दुबै दस्ताले आफ्ना उत्कृष्ट परिचालन अभ्यास र अनुभवहरू साझा गरेका छन् । दुवै देशका सेना सामरिक अभ्यास मात्र नभइ खेलकुद र सांस्कृतिक गतिविधिहरूमा पनि समावेश भएका थिए ।" मन्त्रालयका अनुसार दुवै देशका सेनाले मापदण्ड अनुसार राम्रो आचरण प्रस्तुत गरेका थिए ।

## मधेशको...

राय, जीतेन्द्रनारायण देव, महेन्द्रराय यादव, सलिममियाँ अन्सारी, योगेन्द्र साह, रामचन्द्र झलगायतलाई पार्टीमा राखेर सांसद्-मन्त्री बनायो, समयक्रममा उनीहरू बाहिरिए पनि ।

मधेशी दलहरूको राजनीति शुरू हुनुभन्दा निकै पहिले २०५० सालमा एमालेले सीतानन्दन रायको अध्यक्षतामा 'मधेश समस्या अध्ययन कार्यदल' गठन गरेर त्यहाँ समस्या छन्, समाधान गर्नुपर्छ भन्दै अग्रसरता देखाएको थियो । २०६३ सालको बदलिंदो परिस्थितिमा तत्कालीन नेता झलनाथ खनालको संयोजकत्वमा अर्को कार्यदल बनाएर एमालेले संघीयतामा मधेशी जनसमुदायलाई समेटन् अलग्गै जनसंगठन निर्माण गर्ने निर्णय गऱ्यो ।

त्यसअघि २०५१ सालमा एमालेको सरकार हुँदा सांसद् धनपति उपाध्यायको अध्यक्षतामा आयोग गठन गरेर मधेशको नागरिकता समस्या समाधान गर्ने प्रयत्न भएको थियो । तर, आफूलाई तराईका मसिहा ठान्ने कतिपय शक्ति र व्यक्तिहरूले आफ्नो 'पेशा' बन्द हुने भएकोले नागरिकता सम्बन्धी समस्यालाई अहिलेसम्म समाधान हुन दिएका छैनन् । अर्को कुरा, आज पनि तराईका गरीब किसान र पिछडिएका समुदायमा गएर सोध्ने हो भने उनीहरूका हातमा एमालेले त्यही नौ महीने कालमा उपलब्ध भएको जग्गाधनी पुर्जा छ ।

२०६६ सालमा माधवकुमार नेपाल नेतृत्वको सरकारले तराई लक्षित जनता आवास कार्यक्रम, सरकारी सेवामा समावेशीकरण, गरीबका छोराछोरीलाई विद्यालयसम्म पुऱ्याउने प्रोत्साहन कार्यक्रम, तराई-काठमाडौं जोड्ने दूतमार्ग, भैरहवामा क्षेत्रीय विमानस्थल, निजगढमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको प्रक्रिया आरम्भ जस्ता कार्यक्रमहरू अघि बढायो । २०७३ सालमा केपी शर्मा ओली नेतृत्वको सरकारका पालामा तराईलाई विशेष सम्बोधन गर्ने बजेट पनि आयो ।

भारतीय सीमाबाट पूर्वपश्चिम राजमार्ग जोडिने साँघुरा र जीर्ण सडकहरूलाई चार लेनमा रूपान्तरण गर्नेगरिको बजेट व्यवस्था केपी ओली नेतृत्वको एमाले सरकारले गऱ्यो । त्यसले सडक सञ्जाल विस्तारसँगै मधेशको विकासमा नयाँ आयाम ल्याउनेछ ।

अहिले आफूलाई मात्र मधेशको आधिकारिक मान्ने दुई मधेशी दल जसपा र लोसपालाई एकठाउँ राख्दा पनि उनीहरूभन्दा एमाले एक्लै बलियो छ ।

को को भए निर्वाचित

एमालेको पदाधिकारीमा पहिलोपल्ट दलित र मधेशी समुदायका नेताहरू निर्वाचित भएका छन् । दशौं महाधिवेशनबाट सचिवमा छविलाल विश्वकर्मा र रघुवीर महासेठ निर्वाचित भएका हुन् ।

अध्यक्ष ओलीको प्रस्तावमा परेका उनीहरूमध्ये विश्वकर्मा १८०३ र महासेठ १५०० सय मतसहित विजयी बनेका हुन् । दलितबाट यसअघि कसैले पदाधिकारीमा प्रयास नै गरेका थिएनन् ।

मधेशी समुदायबाट भने आठौं महाधिवेशनमा रामचन्द्र झा र रघुवीर महासेठले सचिवमा चुनाव लडेका थिए तर पराजित भए । त्यसैगरी नवौं महाधिवेशनमा धर्मनाथ साह र लालबाबु पण्डितले उपाध्यक्ष पदमा उम्मेदवारी दिए पनि जित्न सकेनन् । सचिवमा रघुवीर महासेठ दोस्रोपटक पनि पराजित भए । तेस्रो प्रयासमा सफल भएका महासेठ उक्त समुदायबाट एमालेको उच्च पदमा पुग्ने पहिलो बनेका छन् ।

## विवाहपञ्चमी...

विवाहपञ्चमीताका नै रेल सेवा चलाइने भनी त्यतिखेर रेल विभागका अधिकारीले बताए पनि सञ्चालन हुनसकेन । त्यसयता दोस्रो खण्ड कुर्थादेखि बिजलपुरा स्टेसनसम्मको १७ किमी दूरीमा अब लिक तयार भइसके पनि सेवा सञ्चालनको अत्तोपत्तो केही नदेखिएको लोहारपट्टी, बलवा र भङ्गाहा नगर क्षेत्रका सर्वसाधारण बताउँछन् ।

जयनगरबाट बिजलपुरा स्टेसनसम्म रेल सञ्चालन हुनासाथै महोत्तरीका लोहारपट्टी, भङ्गाहा र बलवा नगरपालिका र पिपरा गाउँपालिकाका कृषि उपज सोझै भारतीय बजारमा पुऱ्याउन सकिने यहाँका किसानले आश सँगालेका छन् ।

जयनगर-बर्दिबास रेल विस्तार योजनामध्ये पहिलो खण्ड (जयनगर-कुर्था) र दोस्रो खण्ड (कुर्था- बिजलपुरा) को ५१ किमीमा लिक ओछ्याउने, स्टेसन भवन बनाउनेसहितका निर्माण भएका छन् । तेस्रो खण्ड ( बिजलपुरा- बर्दिबास) को १८ किमी दूरीभित्र भने कामको सुरसार नै छैन । सो खण्डभित्र रेल विस्तार योजनामा परेका जग्गाको मुआब्जा प्रक्रिया टुङ्गिन ढिलाइ हुँदा काम बढ्न नसकेको रेल विभागले जनाउँदै आएको थियो । यसपालि गत भदौमा यस खण्डको साबिक बर्दिवास गाविस क्षेत्र ( हाल बर्दिबास-१, २ र १४) को मुआब्जा निर्धारण सरकारले गरेपछि अब काम अघि बढ्ने आश पलाएको छ । यद्यपि यसै खण्डको साबिक भङ्गाहा-३ र ४ (हाल भङ्गाहा-४) र साबिक किसाननगर गाविस (हाल बर्दिबास-६ र ७) को मुआब्जा सरकारले २०७६ मै निर्धारण गरे पनि कुनै जग्गाधनीले हालसम्म पाउन रीतपूर्वकको दाबी भने गरेका छैनन् ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवले जयनगरदेखि बिजलपुरासम्मको रेल सेवा यसै वर्ष ( २०७८) भित्र सञ्चालन भइसक्ने जनाउनुभएको छ । सेवा सञ्चालनका लागि आवश्यक कानुन तर्जुमा गरी अध्यादेशमार्फत जारी गरेर तत्काल रेल चलाइने तयारी अघि बढेको मन्त्री यादवको भनाइ छ ।

भारत सरकारको रू सात अर्ब २० करोडको आर्थिक सहयोगमा ब्रोडगेज रेलवे विस्तारको काम सन् २०१४ (विसं २०७०तिर) मा शुरू गरिएको हो । विसं१९९४ जुद्धशम्शेरका पालामा शुरू भएको बिजलपुरा-जनकपुर-जयनगर ५१ किमी रेलमार्ग विसं २०५८ मा बाढीले बिग्हीपुल (लोहारपट्टी, महोत्तरी) भत्काएपछि जनकपुर-जयनगर २९ किमीमा सीमित भएको थियो । त्यसअघि चन्द्रशम्शेरका पालामा विसं १९८४ मा रक्सौल-अमलेखगञ्ज रेलसेवा ( पहिलो रेलसेवा) शुरू भएको थियो । जनकपुर-जयनगर रेलमार्गमा पनि स्तरोन्नतिको काम शुरू गरिएसँगै विभागले विसं २०७० मै रेलसेवा बन्द गराएको थियो । राष्ट्रिय महत्वको यो रेल विस्तार आयोजना सन् २०१९ भित्रै सम्पन्न गरी सकिने प्रारम्भिक लक्ष लिइए पनि यसबीचका राजनीतिक उतारचढाव, भेलबाढी र जग्गा मुआब्जा निर्धारणमा भएको ढिलाइले समयमा काम सम्पन्न गर्न नसकिएको रेल विभागले जनाउँदै आएको छ ।

## रेल्वे...

शासनको देन हो । कुनै नेता वा मन्त्रीले जति देखाए पनि मैले यो गरें त्यो गरेर रेल ल्याएँ भन्न सक्दैनन् ? अहिलेको पुनर्निर्माण पनि यसै ऐतिहासिक स्थितिले भएको हो । यसको सञ्चालनको निमित्त राष्ट्रीयसभामा ३ पटक आवाज उठाएको थियें । रघुवीर महासेठ मन्त्री हुँदा, नेम्वाङ मन्त्री हुँदा सबैले अब हुनै आट्यो भने तर सञ्चालनको सामर्थ्य देखाउन सकेनन् । रेल्वेबोर्डका हाकिमहरू जागीर बकसका लागि आए गए फेरि आउँछन र जान्छन् । खरीदको काममा मात्र रूचि देखाउँछन्, सञ्चालनमा दृष्टि नै छैन ।

हिजो समाचारमा भेट्टयाएँ । वर्तमान मन्त्रीजी रेणू यादवजीले नयाँ भाखा तोक्न खोज्नु भएको रहेछ तर त्यो पनि अमूर्तत ! यसै वर्ष सञ्चालन हुने अरे !! ट्राक, इन्जन, बोगी, स्टेशन सबै थोक भए पनि महिना, मिति तोक्ने सामर्थ्य उनमा देखा परेन । बोलीमा सत्यता पनि देखिएन । केही भन्नु पर्ला भनेर बोल्नुभएको देखिन्छ । 'अध्यादेश ल्याउने प्रस्ताव गत आइतबारको मन्त्रिपरिषद् बैठकमा पेश गरेकी छु ।' भनिरहँदा, 'काठमाडौं जानेवित्तिकै कागजहरू त्यार पारी हस्ताक्षर गरेर प्रक्रिया अघि बढाइने' भन्नुहुन्छ । मन्त्रीको हस्ताक्षर नै भएको छैन भने प्रस्ताव कसरी पेश भएको होला ? प्रक्रिया नै अगाडि बढेको छैन भने अध्यादेश कसरी आउला ? मैथिलीको सत्य उखान 'झूठक टांग टुटले टुटल ।' मनन गर्ने स्थिति छ ।

आगाडि बढौं । यदि जनकपुरको निमित्त रेल जरूरी छ भने सबैतिरबाट उठौं । यो राजनीतिक मुद्दा होइन, कसैको बिरोध वा समर्थन होइन । जनसरोकार र क्षेत्रको समृद्धिसंग जोडिएको र सबैतिरको गतिविधि स्वस्फूर्त तीव्र हुने विषय हो ।

## अञ्जली बनिन् एक दिनको लागि गाउँपालिका अध्यक्ष

सर्लाही । सर्लाहीको पर्सा गाउँपालिकामा एक १६ वर्षीया किशोरीलाई गाउँपालिकाको अध्यक्ष पदको जिम्मेवारी दिइएको छ । स्थानीय पर्सा बाल क्लबकी अध्यक्ष १६ वर्षकी अञ्जली कुमारी साहलाई उक्त गाउँपालिको अध्यक्षको पदमा एक दिनको लागि नियुक्त गरिएको हो । 'सामान्य अवस्था वा कोभिड-१९ को महामारी, बाल अधिकारको संरक्षण हामी सबैको जिम्मेवारी' भन्ने नाराका साथ जारी रहेको १६ दिने लैंगिक हिंसा विरूद्धको अभियानको अवसरमा मंगलबार एक समारोहको आयोजना गरि गाउँपालिका अध्यक्ष किशुनदेव रायले साहलाई अध्यक्ष पदको प्रमाणपत्र प्रदान गर्दै गाउँपालिका अध्यक्षको कुर्सी हस्तान्तरण गरेका थिए । बालबालिकाको नेतृत्व विकास र बाल सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले उनलाई पदको जिम्मेवारी दिइएको हो । जिल्लामै पहिलोपटक कुनै सर्वसाधारण व्यक्तिलाई एक दिनको लागि यस किसिमको जिम्मेवारी दिइएको छ ।

छोरीलाई दाइजो हैन शिक्षा दिऔं ।
सबल, सक्षम र आत्मनिर्भरताको दिक्षा दिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड



मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।
मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।
विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं